# अध्याय-एक (CHAPTER-ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल भौगोलिक आधारमा सानो आकारमा रहे तापनि यो देश विविधताले भरिएको छ । यो देश बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक, पक्षले भरिएको एक सार्वभौम सम्पन्न मुलुक हो । धरातलको आधारमा नेपाललाई हिमाली, पहाडी र तराई प्रदेश गरी जम्मा तीन भागमा विभाजन गरिएको छ । हिमालदेखि तराईसम्म र पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म जम्मा १२६ जातजातिहरु र १२३ मातृभाषा बोल्ने जातजातिहरु बसोबास गर्दै आएका छन् (Central Bureau Of Statistics, 2011) । जसको आ-आफ्नै इतिहास, परम्परा संस्कार सँस्कृतिहरु छन् । यस्ता विविध किसिमका संस्कार सँस्कृति परम्परा हुनु भनेको राष्ट्र र राष्ट्रियताको एउटा सम्पति र पहिचान हो ।

नेपाल ५९ भन्दा बढी जनजातिहरु बसोबास गर्दै आएको मुलुक हो (राई, लिब्जु-भुम्जु पत्रिका, २०६९) । जसभित्रका राई जाति एक आफ्नै मौलिक परम्परा, इतिहास, भाषा, संस्कार, सँस्कृति भएको जाति हो । यसरी राई जातिको आफ्नै छुट्टै संस्कार, सँस्कृति, परम्परा हुनु भनेको एउटा राई जातिको मात्र नभई सिङ्गो नेपाल र सम्पूर्ण नेपालीको सम्पति र पहिचान हो ।

नेपालको राष्ट्रिय जनगणना वि.स. २०६८ अनुसार कुल जनसङ्ख्यामा राई जातिको सङ्ख्या ६,२०,००४ अथवा (२.३ प्रतिशत) रहेको छ (Central Bureau Of Statistics, 2011) ।

राई जातिको नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर बसेका छन्  तर मुख्य गरी यस जातिको बसोबास पूर्वी पहाडी भू-भाग हो ।

"पृथ्वी नारायण शाहको पालासम्ममा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुलीगढी, सर्लाही, महोत्तरी र धनुषा जिल्ला सबै नै वल्लो किरातमा पर्दथ्यो । त्यस्तै सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, भोजपुर, सप्तरी, सिरहा जिल्लाको साथै धनकुटा जिल्ला र संखुवासभा जिल्लाको पश्चिमी भेगमा सम्पूर्ण माँझ किरातभित्र पर्दथ्यो । धनकुटा र संखुवासभा जिल्लाको पूर्वी भाग, तेह्रथुम, पाँचथर, ताप्लेजुङ ईलाम, मोरङ, सुनसरी र झापा जिल्ला, भारतको फारविसगंज र टिष्टा नदीदेखि पश्चिम तर्फको सम्पूर्ण भू-भागसमेत पल्लो किरातमा पर्दथ्यो" (राई, २०६६) ।

राई जातिमा आफ्नो छुट्टै संस्कार, सँस्कृति र परम्परा छ । यिनीहरुमा रहेका संस्कार, परम्परामा नेपाल र नेपालीको सँस्कृति झल्किएको हुन्छ ।  राई समुदायको भाषा, संस्कार, सँस्कृति अत्यन्त मौलिक भए तापनि संरक्षण गर्न सकिएको छैन । यी संस्कार सँस्कृति र परम्परालाई निरन्तरता दिन र संरक्षण गर्नका लागि सम्पूर्ण नेपालीहरुको सहकार्य, सहयोग र समन्वय गर्न आवश्यक पर्दछ । भाषा, कला, संस्कार, सँस्कृति, धर्म, मूल्य मान्यता, परम्परा राष्ट्र र राष्ट्रियताको महत्वपूर्ण सम्पति हो । सँस्कृतिले सिङ्गो एउटा  मुलुकको पहिचान दिने गर्दछ । त्यसैले नेपालको राष्ट्रिय सँस्कृतिमा राई सँस्कृतिको ठूलो र महत्वपूर्ण योगदान छ । राई समुदायको सकेला नाच, उभौली र उधौली गरी वर्षमा दुई पटक मनाइन्छ । उभौली सकेला पर्व बैशाख पूर्णिमामा र उधौली सकेला पर्व मंसिर पूर्णिमामा मनाइन्छ ।

“किरात राईहरुमा हावा, पानी, माटो, बोटविरुवा, अर्थात प्रकृतिलाई पुज्ने परम्परा रहेको छ । अलौकिक शक्ति हुन्छ  भनेर जति प्रचारप्रसार गरिन्छ । त्यो भन्दा प्रकृतिलाई पुज्ने परम्परा निकै वैज्ञानिक पनि छ । किनकी प्रकृतिको एउटा पक्ष शून्य भए सारा जीवन नै समाप्त भएर जान्छ । किरात राईहरुमा बैशाख - जेष्ठतिर साँस्कृतिक चाड सकेला मनाइन्छ । जुन चाडमा बाली नाली, बोटबिरुवा सप्रिउन रोगव्याधि नलागून् भन्ने कामना गर्दै पूजा गर्ने चलन छ (राई, नुलाम पत्रिका, २०६५) ।

किरात समुदायमा नवजात शिशुको जन्मदेखि मृत्यु पर्यन्तसम्ममा विविध किसिमका संस्कार सँस्कृति र परम्परा अनुसार काम गरिन्छ । यसमा आफ्नै मौलिक संस्कार, परम्परा छ । आमाले नवजात शिशुलाई जन्मदिइसकेपछि छोरा भए छ दिनमा र छोरी भए पाँच दिनमा न्वाँरान गरिन्छ । न्वारान गरिसकेपछि छोराको हो भने कुखुराको भाले काटेर भालेको टाउको र छोरीको भए पोथीको टाउको खानामाथि ठाडो पारी राखी आमाको शिर उभ्याउँदै आमालाई खाना खान दिइन्छ ।

राई जातिको जन्म संस्कारमा गर्नुपर्ने विधि अत्यन्त मौलिक प्रकारको छ । तर यसो हुँदाहुँदै पनि यस विषयमा पर्याप्त मात्रामा अध्ययन अनुसन्धान र शोधकार्य भएको देखिएन । त्यसैले यस विषयमा नवीनतम् सत्य तथ्य थाहा पाउन र थप जानकारी प्राप्त गर्ने उद्धेश्यले यो अध्ययन गरिएको हो ।

## **१.२ समस्याको कथन** (Statement of the Problem)

समाजमा विविध किसिमका जातजाति धर्म, संस्कार, सँस्कृति, परम्परा र इतिहास भएका मानिसहरुको बसोबास भएको पाइन्छ । जसले गर्दा समाज एक बृहत् मानवीय अन्तर सम्बन्धको जालो हो । जन्मदेखि मृत्युसम्ममा गर्ने गरिने

विविध संस्कारले समाजमा आ-आफ्नो प्रकार्य गरिरहेको हुन्छ । जसमा मानिस यस पृथ्वीमा पाइला टेकिसकेपछि वा मानिसको जीवनमा सर्वप्रथम गरिने एक महत्वपूर्ण संस्कारका रुपमा जन्म संस्कारलाई लिइन्छ । छेवर (व्रतबन्ध), गुन्युचोलो, विवाह, मृत्यु आदि संस्कारहरु गरिन्छ । यी सामाजिक संस्कारहरुले समाजको संरचना निर्माण भएको हुन्छ । विविध संस्कारहरुले सामाजिक आवश्यकताहरु परिपूर्ति गरिरहेको हुन्छ ।

राई जातिमा जन्म संस्कार अनिवार्य, महत्वपूर्ण र आवश्यकीय संस्कार हो । राई जातिमा जन्म संस्कारमा परम्परागत समयमा र वर्तमान समयमा के परिवर्तन आएको छ ? हाल आएर सूचना, आधुनिकीकरण, विश्वव्यापीकरण, शहरीकरण र चेतनाको वृद्धि र विकासले गर्दा परिवर्तन ल्याएको छ । त्यसैले जन्म संस्कारमा विगतमा के गरिन्थ्यो ? जन्म संस्कारमा अवश्यकीय सामानहरु के के थिए ? पूर्ण रुपमा जन्म संस्कार विधि कस्तो थियो ? विधिहरु के कस्तो थियो ? भने हाल आएर के परिवर्तन भइरहेको छ ? विधिहरु के कस्तो छ ? त्यसैले यो शोधकार्यमा निम्न अनुसन्धान प्रश्नहरुको उठान गरी अध्ययन अनुसन्धान र विश्लेषण गरिएको छ ।

क) राई जातिमा जन्म संस्कार कस्तो छ ?

ख) राई जातिमा परम्परागत जन्म संस्कार कस्तो थियो ?

ग) राई जातिमा जन्म संस्कार कति दिनमा गरिन्छ ?

घ) राई जातिको जन्म संस्कारमा आवश्यकीय सामग्रीहरु के-के हुन् ?

ङ) राई जातिको जन्म संस्कारमा के परिवर्तन आएको छ ?

च) परम्परागत र वर्तमानमा आएको संस्कारगत परिवर्तनले समुदायमा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्धेश्य (Objective of the Study)

अध्ययनका प्रकृति अनुसार आ-आफ्नै किसिमका उद्धेश्यहरु हुन्छन् । जसले गर्दा यस अध्ययनको पनि आफ्नो छुट्टै मौलिक उद्धेश्यहरु छन् ।

राई जातिका संस्कार, सँस्कृति र पहिचानको संरक्षण सम्बर्द्धन र परिमार्जनले आफ्नो जातिको नै उत्थान हुन्छ । परम्परागत रुपमा ज्यादै महत्वपूर्ण रहेको मौलिक संस्कारहरु लोप हुन नदिन र आफ्नो संस्कार सँस्कृतिलाई यथासम्भव कायम गरी पछिल्लो समयका सन्ततिहरुलाई क्रमिक रुपमा हस्तान्तरण गर्न यस अध्ययनको एक उद्धेश्य हो । त्यस्तै राई जातिको जन्म संस्कारको परिचयात्मक महत्व उजागर गर्दै संस्कारगत परिवर्तनका कारक तत्वहरु वा परम्परातग मूल्य मान्यतालाई विस्थापित गर्दै जाने तत्वहरुको पहिचान गर्नु यस अध्ययनको उद्धेश्य रहेको छ ।

विशेषतः यस अध्ययनको मुख्य उद्धेश्य राई जातिको जन्म संस्कारका अध्ययन, अनुसन्धान र तथ्यपरक विश्लेषण गर्नु रहेको थियो । यी मुख्य उद्धेश्य पूरा गर्नका लागि निम्नानुसारका विशिष्ट उद्धेश्यहरु राखी अध्ययन गरिएको थियो ।

क) राई जातिको  परम्परागत जन्म संस्कारको अभिलेखन गर्नु,

ख) राई जातिको जन्म संस्कारमा प्रयोग गरिने आवश्यकीय सामग्रीहरुको विश्लेषण गर्नु,

ग) राई जातिका जन्म संस्कारमा आएको संस्कारगत परिवर्तनको अध्ययन गर्नु ।

## **१.४ अध्ययनको महत्व र सान्दर्भिकता** (Important and Significance of the Study)

समाजशास्त्रीय र मानवशास्त्रीय दृष्टिकोणमा समाजमा रहने जातजातिहरुको अध्ययन एउटा महत्वपूर्ण विषय हो । यस्ता अध्ययनहरुले स्थानीय स्वरुप जातजातिहरुको भूमिका सामाजिक साँस्कृतिक लगायत विविध पक्षको जानकारी गराउनुका साथै संस्कार र सँस्कृतिको संरक्षण र सम्बर्द्धन पनि गर्दछन् । हरेक जातजातिको आ-आफ्नै मौलिक मूल्य, मान्यता, परम्परागत संस्कारहरु रहेका हुन्छन् । प्रत्येक संस्कार, सँस्कृतिले राष्ट्रिय पहिचान र समाजलाई व्यवस्थित रुपले सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छन् । पश्चिमीकरण, विश्वव्यापीकरण र आधुनिकीकरणको प्रभावबाट मौलिक तहलाई बचाई परिवर्तनशील समाजमा समायोजन हुन सक्नु वर्तमान र भविष्यका लागि चुनौतीको विषय हो । आफ्नो संस्कार, सँस्कृति, मूल्य मान्यता, परम्परालाई संरक्षण र सम्बर्द्धन गर्नका लागि वैज्ञानिक खोज, अध्ययन, अनुसन्धान गर्नु आजको आवश्यकता हो ।

वर्तमान अवस्थामा राई जातिको संस्कारगत क्रियाकलापको बारेमा विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा सैद्धान्तिक र व्यवहारिक महत्व रहेको हुन्छ । यस अध्ययनबाट प्राप्त हुने जानकारीले राई जातिको सामाजिक संस्कारगत पक्षको वर्तमान स्वरुप र अवस्थाको बारेमा थाहा हुन्छ । यस जातिको परम्परा, चालचलन, रितिरिवाज आदिको बारेमा पनि सैद्धान्तिक

ज्ञान प्राप्त भएको छ । यस ज्ञानबाट अन्य जातिसँगको अन्तरसम्बन्ध एवम् सैद्धान्तिक ज्ञान प्राप्त भएको छ ।

यस अध्ययनको अर्को पक्ष व्यवहारिक महत्वलाई लिइएको थियो । यस अध्ययनबाट सामाजिक र संस्कारगत पक्षको वर्तमान अवस्थाको बारेमा प्राप्त हुने जानकारीले राई समुदायको विगत र वर्तमान समयमा भएका जन्म संस्कारका वस्तुस्थितिका बारेमा अध्ययन र मूल्याङ्कन गर्ने जस्ता व्यवहारिक कार्यमा उपयोगी भएको छ । यस्ता विभिन्न कार्य व्यवहारिक कार्य गर्न यस अध्ययनले यसको व्यवहारिक महत्व रहेको छ ।

# अध्याय-दुई (CHAPTER-TWO)

## २. सान्दर्भिक साहित्यको पूनरावलोकन (Review of Related Literature)

नेपालको पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरुको बसोबास रहेको छ । यी क्षेत्रहरुमा बसोबास गर्ने जातजाति, भाषा, धर्म, रितिरिवाज फरक फरक छ । नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययन र अनुसन्धान गर्नका लागि निकै सम्भावनाका विषयहरु देखिन्छन् । तर पनि यहाँका समाजको अध्ययन त्यति पुरानो देखिँदैन । वि.स. २००७ सालमा राणा शासनको अन्त्यपछि नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययनको सुरुवात भएको पाइन्छ । स्वदेशी तथा विदेशी समाजशास्त्री मानवशास्त्रीहरुले खोजमूलक कार्यहरु गरेको पाइन्छ । जसमा मुख्य गरी नेपाली समाजशास्त्रीय अध्ययनको कोशे ढुङ्गाको रुपमा स्थापित गोपाल सिंह नेपाली (१९६५) द्वारा कीर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार समुदायको सामाजिक साँस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरेको पाइन्छ । नेपालका राई जातिको संस्कार संस्कृतिसम्बन्धी सान्दर्भिक साहित्यको पूनरावलोकन निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

डोरबहादुर विष्ट (सन् २०१०) ले सबै जातको फुलबारी भन्ने पुस्तकमा नेपाल बहुजातिय व्यवस्था भएको मुलुक हो । जहाँ जात विषेश अनुसार आ - आफ्नै संस्कार, सँस्कृति र परम्पराहरु रहेका छन् । जसले गर्दा नेपाल विविधता भित्र एकता भएको मुलुक हो । यहाँ म र मेरो होइन हामी र हाम्रो भन्ने भावनाले आपसी सम्बन्ध विस्तार भएको कुरा गर्नु भएको छ । विष्टले यस पुस्तकमा 'हामी किराती राई' शीर्षकमा राई समुदायको आफ्नै संस्कार र सँस्कृतिहरु छन् । जसले समाजमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । भन्ने कुरा पनि प्रष्ट पार्नु भएको छ । उहाँका अनुसार राई जाति आफैमा पनि विविधताभित्र एकत भएको

जनजातिभित्रको एक जाति हो, भन्नु भएको छ । एक खोलाका राई समुदायले मनाउने चाडपर्व, संस्कार, सँस्कृति  र भाषा अर्का खोलाका राई समुदायले नै बुझ्न सकिरहेको हुँदैन । यस्तो हुँदाहुँदै पनि हामी राई एकमा भाषा, संस्कार अनेक छन् ।  यो नै हाम्रो सम्पति हो । हाम्रो पहिचान हो र समग्र नेपालीहरुको संस्कार, सँस्कृति र पहिचान हो भन्ने कुरा प्रष्ट्याउन सफल हुनु भएको छ ।

ईमानसिंह चेम्जोङ (२०५१) मा नेपालको किरात समुदायको उत्पत्ति र विकासको कुरा गर्नु भएको छ । जसमा किरातीहरुको उत्पतिको प्रारम्भ तीन जातिको सम्मिश्रणबाट भएको हो । किरात मून्दूम वा परम्परा अनुसार ती तीन जाति साम्बोङवा वा खम्बो, ताङसाङथा वा मंगोल र मुनाकेन वा चिनीयाँ नामले परिचित छन् । यिनै साम्वोङवा वा खम्वोहरु यस हिमाली प्रदेशका प्रथम आप्रवासी थिए । ताङसाङथा वा मंगोल र मुनाफेन वा चिनियाँ जातिहरुपछि आएर खम्वोहरुसँग मिसिएर एउटा ठूलो जातिको निर्माण भयो । तिनीहरुले आ-आफ्नो इतिहास बनाउँदै जाँदा किरात समुदायले उत्तर भारतमा हिमाञ्चल प्रदेशदेखि आसामसम्म र दक्षिणपूर्वी भारत मणिपुरदेखि चटागाउँसम्म ओगटे । र आफ्नो संस्कार सँस्कृति पनि बसोबाससँगसँगै निर्माण र विकास गर्दै आएका हुन् भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

किरात साम्पाङ राई मूद्दूम्मा राई जातिभित्र थुप्रै थर वा विविध भाषी राईहरु छन् । राई जातिभित्र २९ भन्दा बढी भाषा प्रचलनमा रहेका छन् । त्यसैले किरात राई जात भन्नाले ‘जाति एक भाषा अनेक’ भनेर बुझिन्छ । भन्ने कुरा उल्लेख गरिएको पाइयो । यस मूद्दूम्मा किरात साम्पाङ राई जातिको जन्मदेखि मृत्युसम्मका संस्कारहरुको बारेमा उल्लेख गरिएको छ ।

निनु चापागाई (२०६४) ले समाज र संस्कृति पुस्तकमा संस्कृति भनेको परापूर्व कालदेखि वा  हाम्रो पुर्खाले विगत देखि गर्दै आएको रितिरिवाज चाल चलनलाई नै हामी संस्कार, सँस्कृतिका रुपमा लिन्छौँ । जसमा हामी परिमार्जन गर्दै हाम्रो परम्परालाई निरन्तरता दिनु भनेको हामीले निर्माण भैसकेको भवनमा केही ईटाहरु थप्ने काम गरेका हौँ भन्ने कुरा प्रष्ट्याउनु भएको छ । जसका अनुसार “संस्कृति मानिसका सिर्जनात्मक सँस्कृति शक्ति र योग्यताहरुको तथा समाजको विकासको ऐतिहासिकः निर्धारित स्तर हो । यो स्तर मानिसहरुको जीवन र क्रियाकलापको संगठनका रुप एवं किसिमहरुमा तथा मानिसहरुद्वारा निर्मित भौतिक एवम् आध्यात्मिक मूल्यहरुमा व्यक्त हुन्छ” (चापागाई, २०६४) । वास्तवमा सँस्कृति मानिसहरुको सिर्जनसिलता र समाज विकसित हुदैं जाँदा निर्माण हुदैं जाने एक ऐतिहासिक रुपमा निर्मित मूल्य मान्यता हो, जुन कुरा मानवीय जीवनको भौतिक र आध्यात्मिक मूल्य  र मान्यताहरुमा व्यक्त हुने कुरा हामी सम्मानका साथ स्वीकार्न सकिन्छ ।

गणेश राई (२०६४) ले बाम्वुले राई जाति पुस्तकमा राई समुदायमा शिशु जन्मिसकेपछि सालनाल काट्ने काम गरिन्छ । छोरा या छोरी जे भए पनि ३ देखि ११ दिनभित्र न्वारान गर्ने चलन रहेको छ । न्वारान गर्दा चाहिने सामानहरु कुरिलो, मुसाखर्की, (जंगलमा पाइने एक किसिमको घाँस) डढाउँदै जाँड, मर्चा-पानीले छर्किएर सुतक फुकाउने काम गर्ने चलन छ । यस दिन बच्चालाई कम्मरमा धागोको कन्धनी, हातमा धागोको बाला लगाई दिने र नाम राखिदिने साथै छोरा भए भाले, छोरी भए माउपोथी काटेर सुत्केरीलाई तरान खुवाइ जन्म संस्कार पूरा गर्ने चलन रहेको कुरा उल्लेख गर्नु भएको छ ।

खगेन्द्रबहादुर राई (२०६२) ले किरात खम्बु साम्पाङ राईमा किरात साम्पाङ राईहरुको जन्म संस्कार प्राचीनकालमा भने शिशु जन्मेको ९ औँ दिनमा न्वारान गर्दथे । त्यसैले 'नौरान' भन्ने गरिन्थ्यो । भन्ने कुरा उल्लेख गर्दै हाल आएर त्यही संस्कार परिमार्जन हुँदै बच्चा छोरा भए ७ दिनमा र छोरी भएमा ५ दिनमा न्वारान गरिन्छ । जुन दिन गाईको गोबरले घर लिपपोत गरी मुख्यगरी आफन्तहरु र बुढापाकाहरुलाई बोलाई आमा र बच्चा दुबैलाई नुहाई सफा गरेपछि छोरा भए भाले र छोरी भए पोथी, एकमाना चामल, एकमाना रक्सी, त्यसमाथि दियो बाली घरका जेठोपाको व्यक्तिबाट नाम राख्ने चलन छ । त्यसपछि गहुत पानी र सुन पानी समेतले तितेपातीको मुन्टोलेआमा, बालकलगायत सबै परिवारका सदस्यहरु र घर समेतलाई छर्की चोख्याउने चलन छ । बालकको नाममा तयार गरिएको कुखुरा काटी एकमाना चामलको भात पकाई आमालाई खान दिइन्छ र एकमाना रक्सी पनि आमाले नै खानु पर्दछ । यसरी जन्म संस्कार पूर्ण रुपमा सम्पन्न हुने कुरा उल्लेख गरिएको छ ।

राजन मुकारुङ (२०६१) ले किरात संस्कार पुस्तकमा हाम्रो संस्कार, सँस्कृति हाम्रो जीवनका लागि अपरिहार्य कुराका रुपमा राख्नुभएको छ । किनकी हाम्रो जन्मदेखि मृत्युसम्म गरिने सम्पूर्ण संस्कार सँस्कृतिहरु हाम्रो मूद्दूम्मा आधारित हुन्छ । जसले गर्दा हाम्रो संस्कार सँस्कृति नरहे हामी नरहने कुरा उल्लेख गरी संस्कार र सँस्कृतिको व्याख्या गर्नुभएको छ ।

टंकबहादुर राई (२०६०) मा राई जाति धेरै उपजातिहरु भएको जाति हो । जसमा उपजाति अनुसार धेरै संस्कार सँस्कृतिहरु छन् । "दश राई, दश बोली-एक भान्सा" (राई, २०६०) भनी उल्लेख गर्नु भएको छ । उनका अनुसार जन्मदेखि मृत्युसम्म र हामी हाम्रो पूर्खाहरुलाई सम्झेर उनीहरुको स्मृतिमा गरिने संस्कार

पनि छुट्टै छन् । जसअन्तर्गत सम्पूर्ण राई जातिको पूर्खाको रुपमा सुम्निमा र पारुहाङलाई लिइन्छ, भनी उल्लेख गर्नु भएको छ ।

राई जातिको जन्मदेखि मृत्यूपर्यान्तसम्ममा विविध संस्कारहरु गर्ने गरेको पाइन्छ । यी संस्कारहरुको आ-आफ्नै महत्व रहेको छ । तर जन्म संस्कार र विवाह संस्कारबीच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ । त्यसैले यहाँ राई जातिको विवाह संस्कारकोबारेमा पनि केही समाजशास्त्री तथा विद्वानहरुको विचार उल्लेख गरिएको छ ।

कृष्णराज अर्याल (२०६७) ले विवाहलाई शाश्वत र विस्तृत अर्थमा बुझ्दा संसारका प्रत्येक वस्तुको सृष्टिको प्रक्रियालाई नै हो । अथवा विवाह भन्नु स्त्री र पूरुषको विकास र विस्तारको सूक्ष्म वीक्षण तत्व हो । यो माध्यम नियमित, स्वीकृत र पवित्र मिलन हो भन्ने कुरा उल्लेख गरेको छ । यसरी विवाहलाई सामाजिक मान्यता प्राप्त स्त्री र पूरुषको अन्तर सम्बन्ध हो भन्ने कुरा बुभिन्छ । विवाहलाई समाज विकास र विस्तार साथै सम्पूर्ण वस्तुको सृष्टिको रुपमा लिइन्छ । विवाहलाई सामाजिक औपचारिकता तथा शास्त्रीय विधानद्वारा यावत् कर्म गरी उमेर पुगेका एक युवक र युवती बीचको अन्तरसम्बन्ध स्वीकार गर्ने संस्कारको रुपमा बुझिन्छ ।

पेशल दाहाल (२०६५) ले विवाहलाई मानवीय जीवनको अत्यन्तै महत्वपूर्ण संस्कारको रुपमा व्याख्या गरेका छन् । हाम्रो सामाजिक व्यवस्थामा गृहस्थ आश्रममा प्रवेश गर्ने एक माध्यम विवाह भएको र विवाहपछि नै आफ्नो धार्मिक , सामाजिक र पारिवारिक कर्तव्यहरु पूरा गर्न सक्ने भएकाले विवाह संस्कार ज्यादै महत्वपूर्ण संस्कारको रुपमा मानिदै आएको कुरा बताएको छ । भने विवाह

पद्धतिमा सम्पूर्ण समाज परम्परा, धर्म आदिको सम्लग्नता रहेको कुरा उल्लेख गरेको पाइन्छ ।

कोयी रिदुम-हदुम (सन् २०११) मा विवाह संस्कारलाई चौँथो संस्कारको रुपमा राखेको पाइन्छ । यो संस्कारबाट नै पूरुष र महिला बीच अन्तरसम्बन्ध, सह-सम्बन्ध एवम् वंश विकासको मुख्य आधारशिला निर्माण भएको कुरा उल्लेख गरेको छ । यहाँ वैवाहिक जीवनले सृष्टिको निरन्तरता हुन्छ भन्ने विश्वास पनि उल्लेख गरेको पाइन्छ ।

स्वामी प्रपन्ननचार्य (२०६९) ले यस संसारमा परम्परादेखि गर्दै र चल्दै आएका धेरै चाल-चलन, संस्कार, सँस्कृति, परम्परा, मूल्य मान्यता, नियम आदि छन् । जसमा हामी मानवीय समुदायमा विवाहलाई एउटा संस्कारको रुपमा मान्दै आइएको छ । हाम्रो कुल परम्परा पिता पूर्खादेखि विवाह संस्कार मानिदै आइयो । विवाह गर्दा समान जात विशेषको केटा केटी बीच सामाजिक मान्यता प्राप्त भएको मानिन्छ, भन्नु भएको छ । विवाह गरिसकेपछि एक आपसमा महिला पूरुष पति र पत्नीको सम्बन्धमा परिबन्धित हुन्छ । अर्को शव्दमा भन्नुपर्दा सामाजिक, नैतिक, धार्मिक, साँस्कृतिक रुपमा वर र वधुको सहकार्य, सहबास, सहसम्बन्धलाई विवाहको रुपमा मानिएको पाइन्छ, भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

हरिप्रसाद श्रेष्ठ (२०५६) मा विवाह मानव जीवनका लागि एक अपरिहार्य आवश्यकता हो । समाजमा पत्नीबीनाको धार्मिक कार्य अपूर्ण मानिने हुनाले विवाह संस्कारलाई महत्वपूर्ण मानिन्छ । वास्तवमा सामाजिक जीवनको अविरल प्रवाह, स्नेह बन्धन र सुसंगठित समाजको आधारशिला नै विवाह हो भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

यसरी विभिन्न समाजशास्त्री तथा विद्वानहरुको लेख, रचना, पुस्तक, पत्रपत्रिकाको अध्ययन साथै जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता, समूहगत छलफलबाट हामी यो कुरा प्रष्ट हुन सक्छौँ कि मानवीय जीवन प्रकृयामा बच्चा जन्मेपछि सर्बप्रथम गरिने संस्कारको रुपमा जन्म संस्कारलाई मानिन्छ । यो संस्कारमा मुख्यतया बच्चाको नामाकरण गर्ने गरिन्छ । साथै आमाको शिर उभ्याउन र सुतक चोख्याउनको लागि पनि गर्ने संस्कारको रुपमा मानिन्छ, जसलाई जन्म संस्कार भनिन्छ ।

मानिसको जन्मदेखि मृत्यु पर्यान्तसम्म धेरै संस्कारहरु गर्ने गरेको हुन्छ । जसमा विविध जातजातिहरुले आ-आफ्नै विधि अनुसारका संस्कारहरु मनाउने गरेको पाइन्छ । ती संस्कारहरु मध्ये विवाह संस्कारलाई एउटा महत्वपूर्ण संस्कार हो । यसलाई नयाँ जीवनको शुरुवाती पनि भनिन्छ । विवाहलाई नयाँ जीवनको सुरुवाती भन्नुको पछाडी विवाहले मानिसको दैनिक जीवनचर्यामा परिवर्तन आउँछ । त्यसैले यसलाई नयाँ जीवनको सुरुवाती पनि भनिन्छ । विवाह पछाडी समाजले ती व्यक्तिहरुलाई समाजको एक जिम्मेवारी र पूर्णरुपमा उत्तरदायित्व बहन गर्ने सदस्यको रुपमा लिने गर्दछ । उपयूक्त उमेर पुगेका केटा र कटी बीचको अन्तरसम्बन्ध सहबास, सहकार्यलाई सामाजिक मूल्य मान्यता, धार्मिक नैतिकताद्धारा स्वीकृत वा मान्यता प्राप्त गर्नुलाई विवाहको संज्ञा दिइन्छ ।

समाजमा विभिन्न सामाजिक संस्थाहरुले प्रकार्य गरिरहेको हुन्छ । जस्तो परिवारले समाजमा आफ्नै किसिमको प्रकार्य गरिरहेको पाइन्छ । भने धर्मले पनि आफ्नै किसिमको भूमिका निर्वाह गरिरहेको हुन्छ । त्यस्तै जन्म संस्कार र विवाह संस्कारलाई पनि हामी सामाजिक संस्था वा संस्कारका रुपमा मान्दै आएका छौँ । किनकी जन्म र विवाहले समाजमा आ-आफ्नै किसिमको प्रकार्य गरिरहेका हुन्छ ।

जसले गर्दा समाज सन्तुलनमा रहन सहयोग मिलेको पाइन्छ। यी दुई संस्कारलाई शुभकार्य वा शुभ संस्कारको रुपमा लिइन्छ । बच्चा जन्मिदा वा विवाह संस्कार गर्दा समाजमा एकता, मेलमिलाप, भाईभातृत्व कायम हुन्छ । किनकि यी संस्कारमा भाईभारदार तथा आफन्तहरुलाई निमन्त्रणा गर्ने वा आवत जावत गर्ने, गरिने गरिन्छ । जसले समाजमा एकता र अपनत्वको भूमिका खेलिरहेको हुन्छ । जन्म र विवाह संस्कारको समाज प्रत्यक्ष रुपमा सम्बन्ध रहेको हुन्छ ।

जन्म संस्कारको विषयमा राई जातिको अलवा अन्य जातिहरुको पनि के कस्तो रहेको छ ? भनि अध्ययन गरिएको थियो । जहाँबाट आएको जानकारीलाई यसरी विश्लेषण गर्न सकिन्छ ।

**क्षेत्री जातिः** यस जातिको जन्म संस्कार ११ दिनमा पूर्ण भएको मानिन्छ । जुन ११ दिन सम्ममा गरिने क्रियाकलापहरुमा बच्चा जन्मिसकेपछि बच्चा र आमा दुबैलाई नुहाई धुवाई गरि राख्ने गरिन्छ । बच्चा जन्मेको दिनदेखि न्वाँरान नगरेसम्म सुतक परेको मानिन्छ । बच्चा जन्मेको छैठौं दिनमा छैठी गर्ने गर्दछ । जुन संस्कार छैठौं रात गर्ने गरिन्छ । यो संस्कार गर्दा बच्चालाई सामान्यतया कपडाले पुछी बच्चाको सिरानीमा एक माना चामल, बिजोडी पैसा जस्तो ५,७,९ रुपैयाँ, किताब, कापी, कलम आदि राखी रातभरि बत्ती बालिन्छ । यसरी यी सामानहरु राखी रातभरि बत्ती बाल्नुको सामाजिक मान्यता बच्चाको भाग्य र भविश्य लेख्नको लागि यस रात भावी आउने मान्यता रहेको हुँदा बच्चाको भाग्य र भविश्य रेखा भावीले राम्रो लेखिदियोस भन्नु रहेको पाइयो । बच्चा छोरा वा छोरी जे भएपनि जन्मेको ११ औं दिनमा बच्चाको नामाकरण गर्ने गरिन्छ । जसमा बच्चाको तीन वटा नाम राखिन्छ । ती नामहरुमध्ये दुई वटा राशीको आधारमा र

महिना वा बारको आधारमा ब्राह्मण पूरोहितले नाम छनौट गर्दछ । भने एउटा प्रयोगमा ल्याउने नाम आमा बुबा वा आफन्तहरुले राखी दिने गर्दछ ।

**मगर जातिः** मगर समुदायमा छैठी, न्वारान, पास्नी, छेवर जस्ता संस्कारहरु प्रचलनमा रहेको पाइयो । बच्चा जन्मेको छैठौं रात बच्चाको भाग्य रेखा लेख्न भावी आउँछ भन्ने मान्यताको कारण यस रातभरी बच्चाको कोठामा बत्ती बालिन्छ । भने बच्चा जन्मेको दशौं दिनमा सूतक चाख्याई एघारौं दिनमा न्वाँरान गरिन्छ । न्वाँरान गरिसकेपछि जन्म संस्कार पूरा हुन्छ । बच्चाको नामाकरण ब्राह्मण पूरोहितले गर्दछन् । कुनै-कुनै मगर समुदायमा ब्राह्मण पूरोहितको सट्टा आफ्नो भानिज वा छोरीज्वाइँद्वारा धार्मिक कार्य सम्पन्न गराउने प्रचलन छ । यस्तो आफ्नै जातीय पूरोहित भएको समाजमा तेस्रो दिनमा सूतक चाख्याई चौंठो दिनमा न्वाँरान गर्ने परम्परा रहेको पाइन्छ । मगर समुदायमा यसरी आफ्नै जातीय पूरेत भएमा ४ दिनमा र ब्राह्मण पूरोहित भएमा ११ औं दिनमा जन्म संस्कार पूरा गर्ने गरेको पाइयो ।

प्रस्तुत शोधपत्रमा राई जातिको जन्म संस्कारको विस्तृत अध्ययन, अनुसन्धान गरिएको भए तापनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने माथि उल्लेखित क्षेत्री, मगर लगायतका समुदायहरुको पनि जन्म संस्कारको विषयमा सामान्य अध्ययन गरिएको थियो । जसबाट हामी के कुरा प्रष्ट हुन्छौं भने जन्म संस्कार प्रायः गरेर आ-आफ्नै मौलिक परम्परा, विधि अनुसार गरिदै आएको र गरिने हुनाले राई जातिको जन्म संस्कार अन्य जातिको जन्म संस्कारसँग मेल नखाने पाइयो । जस्तो राई जातिमा कुखुराको भाले वा पोथी, छोरी भएमा ५ र छोरा भएमा ६ दिनमा बच्चाको एउटा मात्र नाम, बच्चाको नाम छनौट बुबाले, आवश्यकीय सामाग्रीहरुमा जाँड, अदुवा, सेउली आदि सामानहरु चाहिन्छ । भने

मगर समुदायमा आफ्नै पुरोहित भएमा ४ र ब्राह्मण पुरोहित भएमा ११ औँ दिनमा न्वारान संस्कार पूरा गरिने र न्वारान गर्नु भन्दा १ दिन अगावै सुतक चोख्याउनु पर्ने रहेको पाइयो । त्यस्तै क्षेत्री समुदायमा ११ औँ दिनमा न्वाँरान गरिने  अनिवार्य रुपमा ब्राह्मण पुरोहित राखी नाम छनौट गरिने, बच्चाको न्वाँरान गर्दा तीन वटा नाम राखिने, जस मध्ये महिना वा बारको आधारमा, राशीको आधारमा नाम जुराई  र बुबा आमाको इच्छानुसार बोलाउने नाम एउटा गरि जम्मा तीन वटा नाम राखिने जस्ता परम्परा रहेको पाइयो । यसले गर्दा राई जातिको जन्म संस्कार अन्य जातिहरु भन्दा पृथक रहेको पुष्टि भएको छ ।

# अध्याय-तीन (CHAPTER-THREE)

## ३. अध्ययन विधि (Methods of the Study)

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य (Selection of the Study Area)

राई जातिका मानिसहरु नेपाल अधिराज्य भरि नै बसोबास गर्दै आएका छन् । जसको आफ्नै मौलिक संस्कार सँस्कृति छ । साथै आफ्नै रितिरिवाज जन्म संस्कार, विवाह संस्कार, दाह संस्कार, चाडपर्व आदि छन् । यस्ता मौलिक संस्कार सँस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नु आजको आवश्यकता हो । त्यसैले यो अध्ययन गरिएको हो ।

पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चलको खोटाङ जिल्ला दुर्छिमा गाउँ विकास समितिलाई यस अध्ययनका क्षेत्र लिइएको थियो । मुख्यतया यस गाउँ विकास समितिको डाँडागाउँलाई केन्द्रविन्दु बनाएर अध्ययन क्षेत्र छनोट गरिएको थियो । यस क्षेत्रलाई अध्ययनका क्षेत्र बनाउनका निम्न कारणहरु थियो ।

१) यस गाउँ विकास समितिमा रहेका राई समुदायको जन्म संस्कारका बारेमा यो भन्दा अगाडि अध्ययन, अनुसन्धान नगरिनु,

२) शोधकर्ता आफैँ यस समुदायको हुनु,

३) जन्म संस्कारको बारेमा अध्ययन गर्न शोधकर्तालाई प्रबल इच्छा हुनु,

४) शोधकर्ता यसै क्षेत्रको भएको हुनाले,

५) शोधकर्तालाई अध्ययन क्षेत्रका बारेमा पूर्व जानकारी हुनु,

६) अध्ययनका लागि आवश्यकीय सूचना संकलनका लागि यस क्षेत्रको वातावरण अनुकूल हुनु ।

## ३.२ अध्ययनको ढाँचा (Design of the Study)

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुबै अध्ययन विधिको प्रयोग गरिएको थियो । वर्णनात्मक अध्ययन विधिबाट राई जातिको जन्म संस्कारको बारेमा वर्णन गरिएको छ। भने अन्वेषणात्मक विधिद्वारा यी जातिहरुको जन्म संस्कारमा आएको परिवर्तन र परिवर्तनका कारणले समाजमा पारेको प्रभावका बारेमा अन्वेषण गरिएको छ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरु ( Nature and Sources of Data)

यस अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली, अन्तरवार्ता, स्थलगत अध्ययन, सम्बन्धित विषयमा विज्ञ व्यक्तिहरुसँगको अन्तरक्रिया, समूहगत छलफलबाट तथ्याङ्क संकलन गरिएको थियो। द्वितीय स्रोत अन्तर्गत राई जातिक संस्कार सँस्कृतिसँग सम्बन्धित विभिन्न लेख, रचना, पुस्तक, पत्रपत्रिकाहरु साथै वंशावली, विभिन्न पाण्डुलिपीहरु, केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, गाउँ विकास समितिबाट प्राप्त अभिलेखलाई लिएको थियो।

यस अध्ययनमा शोधकर्ताले पढेका, देखेका, भोगेका विषयवस्तुलाई अनुभवका आधारमा प्रस्तुत गरिएको छ । विशेषतः अन्तर्वार्ता, प्रश्नावली, सहभागी अवलोकन, सहायक स्रोतको सहयोग लिई प्रस्तुत गरिको छ।

## ३.४ समग्रता र नमूना छनौट (Universe and Sample Selection)

खोटाङ जिल्ला दुर्छिम गाउँ विकास समिति अन्तर्गत डाँडागाउँमा जम्मा घरधुरी सङ्ख्या २१३ रहेको छ। ती मध्ये १३८ घरधुरी राई जातिका रहेका छन् । यी सम्पूर्ण घरधुरीहरुलाई समेट्न कठिनाई हुने भएकाले चिठ्ठा प्रणाली विधिद्वारा

ती मध्ये ५० घरधुरीलाई  नमूना छनौट  गरिएको थियो । तथ्याङ्क संकलन वा अन्तरवार्ताका लागि घरका मुख्य मान्छे, र मुख्य मान्छे नभेटेको खण्डमा घरका कुनै पनि सदस्यलाई लिइएको थियो ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु (Methods of the Data Collection)

यस शोधकार्यका लागि अनुसन्धानकर्ता आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.१ प्राथमिक स्रोतहरु (Primary Sources)

**क) अन्तरवार्ता** (Interview)

प्राथमिक तथ्याङ्क संकलनका लागि अन्तरवार्ता एक महत्वपूर्ण विधिका रुपमा लिइन्छ । यस अन्तर्गत शोधकर्ता आफैले तयार पारेको प्रश्नावलीको आधारमा राई जातिको जन्म संस्कार सम्बन्धी जानकारी लिइएको थियो । जसमा, जन्म संस्कारलाई कसरी बुझ्नु हुन्छ ? बच्चा जन्मेपछि सर्वप्रथम के गर्नुहुन्छ ? जन्म संस्कार कति दिनमा पूरा हुन्छ ? जन्म संस्कार किन गरिन्छ ? बच्चाको नाम के को आधारमा राखिन्छ ? जन्म संस्कारमा के कस्ता खाद्य पदार्थहरु आवश्यक पर्दछ ? जन्म संस्कारमा अन्य सामाग्रीहरु के के प्रयोग गरिन्छ र कहाँबाट उपलब्ध गराइन्छ ? पहिले र अहिलेको जन्म संस्कारमा के भिन्नता आएको छ ? यो प्रश्नावलीहरु मुख्यतयाः यस क्षेत्रका विभिन्न किसिमका पूजाआजा गर्ने व्यक्ति नछुङ (धामी) जातिगत संस्कारका अगुवा व्यक्ति ( बुढापाका), परम्परागत संस्कार र सँस्कृति सम्बन्धी विज्ञ व्यक्तिहरुलाई अध्ययनको तथ्याङ्क संकलनको आधार मानि जानकारी लिइएको थियो ।

**ख) समूहगत छलफल** (Group Discussion)

अध्ययनको विषयसँग सम्बन्धित सूचनाहरु संकलन गर्नका लागि लक्षित समूहसँग समूहगत छलफल गरिएको थियो । छलफलमा महिला, पूरुष दुबैलाई सहभागी गराई छलफलको आधारमा सूचनाहरु संकलन गरिएको थियो । समूहगत छलफलमा सहभागी सदस्यहरुलाई निम्नानुसारका समस्याहरु राखी जानकारी लिइएको थियो । जन्म संस्कारलाई कसरी बुभ्नु हुन्छ ? बच्चा जन्मेपछि सर्बप्रथम के गर्नु हुन्छ ? जन्म संस्कार कति दिनमा पूरा हुन्छ ? जन्म संस्कार किन गरिन्छ ? बच्चाको नाम के को आधारमा राखिन्छ ? जन्म संस्कारमा के कस्ता खाद्य पदार्थहरु आवश्यक पर्दछ ? जन्म संस्कारमा अन्य सामाग्रीहरु के-के प्रयोग गरिन्छ ? आवश्यकी सामग्रीहरु कहाँबाट उपलव्ध गराइन्छ ? पहिले र अहिलेको जन्म संस्कारमा के भिन्नता आएको छ ? यस छलफलमा ४ देखि ६ जना सम्मको समूह बनाई छलफल गरिएको थियो ।

**ग) सम्बन्धित विषयमा विज्ञ व्यक्तिहरुसँगको अन्तरक्रिया** (Interaction with the Experts of Related Subject and Field)

राई जातिका जन्म संस्कार सम्बन्धि गरिने रितिरिवाज, मूल्य, मान्यता परम्पराका बारेमा विज्ञ व्यक्तिहरु, अनुभवी, बुढापाका, शिक्षक, राजनीतिकर्मी, वुद्धिजिवी, समाजसेवी व्यक्तिहरुलाई मुख्य सूचनादाताका रुपमा लिएर निम्नानुसारका प्रश्नहरु राखिएको थियो । जन्म संस्कारलाई कसरी बुभ्नु हुन्छ ? बच्चा जन्मेपछि सर्बप्रथम के गर्नुहुन्छ ? जन्म संस्कार कति दिनमा पूरा हुन्छ ? जन्म संस्कार किन गरिन्छ ? बच्चाको नाम के को आधारमा राखिन्छ ? जन्म संस्कारमा के कस्ता खाद्य पदार्थहरु आवस्यक पर्दछ ? जन्म संस्कारमा अन्य सामाग्रीहरु के के प्रयोग गरिन्छ ? कहाँबाट उपलब्ध गराइन्छ ? पहिले र

अहिलेको जन्म संस्कारमा के भिन्नता आएको छ ? यी प्रश्नहरुको आधारमा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.२ द्वितीय स्रोतहरु (Secondary Sources)

यस अध्ययनमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत राई जाति सम्बन्धी विभिन्न पुस्तक, पत्र-पत्रिका, लेख रचना, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क, गाउँ विकास समितिको तथ्याङ्कलाई द्वितीय स्रोतका रुपमा लिई यिनीहरुबाट प्राप्त सूचना संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया (Procedure of the Data Analysis)

यस शोधपत्रलाई व्यवस्थित र पूर्ण बनाउनका लागि प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट संकलन गरिएका तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको सूचनाहरुलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विस्तार गरिएको छ । परिणात्मक प्रकृतिको तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिका बनाई सूचनाहरुलाई तुलनात्मक र बोधगम्य बनाउन साङख्यिक विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा (Limitation of the Study)

कुनै पनि अध्ययन, अनुसन्धानको आफ्नै सीमाहरु हुन्छन्, र सीमा बन्धित गर्नु पनि आवश्यक हुन्छ । त्यसैले यस अध्ययनलाई पनि यसरी सीमा बन्धित गरिएको थियो । खोटाङ जिल्ला दुर्छिम, गाउँ विकास समितिमा अवस्थित

डाँडागाउँका राई समुदायमा केन्द्रीत थियो, राई समुदायको संस्कार सँस्कृतिको अध्ययन अनुसन्धान गरी यस शोधपत्रको विश्लेषण र निष्कर्ष निकालिएको छ । यसरी निकालिएको निष्कर्षले अन्य ठाउँका राई जातिका जन्म संस्कारसँग पूर्ण रुपमा मेल नखान पनि सक्छ किनकी कुनै पनि जातजातिको संस्कार सँस्कृतिको अध्ययन, अनुसन्धान गर्न लामो समय, स्रोत, साधनको आवश्यकता पर्दछ । तर यहाँ निश्चित स्रोत साधन र स्थानलाई लिइएका थियो । यस शोधपत्रमा राई जातिको परिचय, संस्कार सँस्कृति, मूल्य मान्यता र मुख्य गरी जन्म संस्कारका बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : चार (CHAPTER-FOUR)

## ४. अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

### ४.१ खोटाङ जिल्लाको परिचय (Introduction of Khotang District)

खोटाङ जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्ने ६ वटा जिल्लाहरु मध्ये पूर्वी पहाडी जिल्लामा अवस्थित एक जिल्ला हो । यस जिल्लाको पूर्वमा भोजपूर, पश्चिममा उदयपूर र ओखलढुङ्गा, उत्तरमा सोलुखुम्बु र ओखलढुङ्गा, दक्षिणमा उदयपूरसँग सिमाना जोडिएको छ । क्षेत्रफलको आधारमा हेर्ने हो भने खोटाङ जिल्लाको क्षेत्रफल जम्मा १,५९१ वर्ग किलोमिटरमा फैलिएको छ । यस जिल्लामा जम्मा ४२,६६४ घरधुरी रहेको छ । जहाँ २,०६,३१२ जनसङ्ख्या रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

### ४.२ दुर्छिम गाउँ विकास समितिको परिचय (Introduction of Durchhim Village Development Committee)

खोटाङ जिल्लामा जम्मा ७६ वटा गाउँ विकास समितिहरु अवस्थित छन् । जसमध्येको एक दुर्छिम गाउँ विकास समिति हो । यही गाउँ विकास समितिलाई यस शोधपत्रका लागि अध्ययन क्षेत्र बनाइएको थियो । जुन गाउँ विकास समिति एक प्राकृतिक सौन्दर्यताले भरिएको, साँस्कृतिक विविधता रहेको गाउँ विकास समिति हो । यस गाउँ विकास समितिको सिमाना पूर्वमा महादेवस्थान र धितुङ, पश्चिममा च्यास्मिटार र बडहरे, उत्तरमा मङ्गलटार गाउँ विकास समिति र दक्षिणमा सुनकोशी नदी वा उदयपूर जिल्ला रहेको छ । यो गाउँ विकास समितिको भौगोलिक अवस्था अक्षांशमा २७ ° ७’३०” उत्तरी अक्षांशदेखि २७ ° १२’२०”उत्तरी अक्षांशसम्म र देशान्तरमा ८६ ° ३३’ पूर्व देशान्तरदेखि ८६°३८’ पूर्वदेशान्तरसम्ममा अवस्थित रहेको छ । यस जिल्लाको उचाई समुद्र सतहदेखि ५०२-१६१३ मिटरसम्म फैलिएको छ । त्यस्तै भौगोलिक

बनावट हेर्दा पहाडी प्रदेश र केही बेशीहरु पनि रहेको छ । यस गाउँ विकास समितिमा समशीतोष्ण हावापानी पाइन्छ । यस गाउँ विकास समितिको जम्मा क्षेत्रफल ३५.४० वर्ग किलोमिटर छ । जसमध्ये वनक्षेत्र २०.३७ वर्ग किलोमिटर, खेतीयोग्य जमिन पाखा ११.५१ वर्ग किलोमिटर र ०.५१ वर्ग किलोमिटर धनहर खेत रहेको छ (दुर्छिम गाउँ विकास समिति पार्श्वचित्र,२०५८) ।

यस शोधपत्रको लागि छनौट गरिएको अध्ययन क्षेत्र दुर्छिम गाउँको नामले आज गाउँ विकास समितिको नै चिनारी दिएको छ । जसको नामाकरणको ऐतिहासिक पृष्ठभूमि यस्तो रहेको छ । परापूर्वकालमा घनघोर जङ्गल जहाँ मानव बस्तीको कल्पना पनि गरिएको थिएन । सोही जङ्गलको दक्षिणपट्टिको नुङ्ग्री खोला किनारमा काल्फुटार, मैनाटार नामको खेतीयोग्य भू-भागमा मानव बसोबास थियो । तर वि.स. १८१२ पूर्व खनीवालाले तामा खानी पत्ता लगाई कोट्याउन थाले । ती व्यक्तिहरुले मादल १ र भाले कुखुरा १ लिएर खानीको सुरुङ भित्र पसेका थिए । कुखुराको भाले बासेर प्रहर छुत्याई समय थाहा दिने र मादल बजाएर भित्रका मानिसहरु जीवित भएको सूचित गर्ने गरे । दुर्भाग्यवश खन्दै-खन्दै धेरै भित्र पुगेपछि सुरुङ भत्किएर पुरियो तरपनि एक हप्तासम्म मादल बजेको र भाले बासेको सुनिन्थ्यो तर कसैले उनीहरुको उदार भने गरेनन् । तिनीहरुको मृत्यु पश्चात त्यहाँ बर्सेनी पहिरो जान थाल्यो र त्यहाँका खेतीयोग्य भू-भाग भत्किदैं र पुरिदैं गएकाले त्यहाँका मानिसहरु वरपर बसोबास गर्न थाले । यसै क्रममा जुन 'दुर्छिम' भनिने स्थानको जङ्गल फडानी गरी आफ्नो पितृपूजा गर्ने स-सानो घर बनाई त्यहाँ पित्र राख्न सुरु गरे । यसरी  राईहरुको पित्र राख्ने स्थानलाई चाम्लिङ भाषामा 'दिच्छिम' र पित्रलाई 'साम्खा' 'माछाक्मा' भनिन्छ । यसरी 'दिच्छिम' शव्द अपभ्रंश भएर 'दिरछिम' 'दुरछिम' हुँदै 'दुर्छिम' हुन आएको बुझिन्छ (दुर्छिम गाउँ विकास समिति पार्श्वचित्र, २०५८) ।

दुर्छिम गाउँ विकास समितिमा रहेका मानिसहरुको मुख्य पेशाको रुपमा कृषि रहेको छ । यहाँका मुख्य बालीहरुमा मकै, कोदो, धान, आलु, बदाम, जुनेलो

साथै नगदे बालीहरुमा खोर्सानी, सुर्ती जस्ता बालीहरु लगाउने गर्दछन् । फलफूलमा सुन्तला, निभुवा, कागती, केरा, लिची, आँप, नास्पाती, अङ्गुर, जुनार, अनार, कटहर जस्ता फलफूलहरु उत्पादन हुन्छन् । यस गाउँ विकास समितिका मानिसहरुले पशुपालनलाई व्यवसायिक रुपमा नगरे तापनि व्यक्तिगत रुपमा दुध, मासु, काम र मलका लागि गाई, गोरु, भैँसी, राँगा, बंगुर, खसी, बाख्रा, कुखुरा, परेवा, हाँस, जस्ता पशुपंक्षीहरु पाल्ने गरेको पाइन्छ ।

## ४.३ राई जातिको उत्पत्ति (Origin of Rai Ethnicity)

राई जातिको उत्पत्तिको विषयमा अध्ययन गर्दै जाँदा हालसम्म पाइएको इतिहास, लेख-रचना, पुस्तक, पत्र-पत्रिका, किम्बदन्तीहरुमा आ-आफ्नै किसिमको तथ्यहरु पाइन्छ । त्यसैको आधारमा यहाँ केही तथ्यहरुलाई विश्लेषण गरिएको छ ।

खगेन्द्र बहादुर राई (२०६२) मा इतिहासको विभिन्न पानाहरु पल्टाएर अध्ययन गर्दा नेपाल (काठमाडौं उपत्यका) मा प्रचिन समयमा सर्वप्रथम राज्य व्यवस्था सञ्चालन गर्ने गुप्त वंशिय राजाहरु थिए भन्ने कुरा थाहा हुन्छ । जसले लगभग ५०० वर्ष भन्दा बढी समयसम्म आफ्नो राज्य सञ्चालन गरेका थिए । यस वंशको अन्त्यपछि यहाँ अहिर वंशिय राजाहरुले करिव १११ वर्षसम्म आफ्नो राज्यशासन कायम गरेका थिए । तर कतिपय इतिहासकारहरुले यी गुप्त तथा अहिर वंशलाई महिशपाल र गोपालवंशी शासक पनि भनेका छन् । भने कसैले यिनीहरु अन्य वंश नभएर किरात वंश नै भएको भन्ने गरेको पाइन्छ । वास्तविकता जे भए पनि अहिर वंशीय राजा भुवनसिंहको पालामा पूर्व तर्फबाट आएका किरातहरुले आक्रमण गरि भुवनसिंहलाई हराई ई.पू. ५८० भन्दा पहिल्यै नेपाल (काठमाडौं उपत्यका) मा किरातहरुले राज्यशासन व्यवस्था स्थापना गरि करिब ७१० वर्षसम्म किराती शासन व्यवस्था कायम गर्न सफल भएको पाइन्छ । अर्थात आज भन्दा करिब ३००० बर्ष पूर्व नै किरातहरुले नेपाल (काठमाडौं

उपत्यका) मा आफ्नो राज्यशासन व्यवस्था स्थापनागरि सन् ११० सम्म अफ्नो किरात राज्यशासन कायम गर्न सफल रहेको पाइन्छ । सातौँ किराती राजा जितेदास्तीको शासनकनलमा ई.पू. ४९५ तिर कपिलवस्तुबाट बौद्ध धर्म प्रचारको लागि गौतम बुद्ध नेपाल (काठमाडौं उपत्यका) आएको पाइन्छ । यसबाट पनि किरातहरुको राज्य व्यवस्था ३००० बर्ष पूर्व नै स्थापना भइसकेको अनुमान गर्न सकिन्छ ।

यसरी प्राचीन किरातकालिन किरात राजाहरुले राज्यशासन चलाउने क्रममा २८ औं राजा पटुकको समयदेखि किराती शासन व्यवस्था केहि कमजोर बन्दै गए यहि समयमा आफ्नो अनुकूल समय आएको ठानी पश्चिम तर्फबाट आएका केहि राजपुतहरुले किरात राज्य माथि सन् ७५ तिर पहिलो आक्रमण गरे । तर यो आक्रमणबाट राजपुतहरुले सफलता नपाएपछि सशक्त योजना बनाएर राजा गस्तिको पालामा ठूलो आक्रमण गरि सन् ११० तिर किरातहरुलाई हराई नेपाल (काठमाडौं उपत्यका) मा आफ्नो राज्य व्यवस्था स्थापना गरे । यस आक्रमणपछि राजा गस्ती दरवार छाडी सन् ११० मा पूर्व तर्फ पलायन हुन बाध्य भए । यसरी यिनै गस्ती उपत्यकाका अन्तिम किराती राजा हुन पुगे । यसप्रकार पूर्व तर्फ पलायन हुने किरात राजा लगायत ठूलो संख्यामा अन्य किरातहरु पनि थिए । यही समयमा पूर्व तर्फ पलायन हुने धेरै किरातीहरु मध्ये केही दुध कोशी नदी क्षेत्र देखि पश्चिम सुनकोशी तर्फ बढे जसलाई पछिबाट सुनुवार (वल्व किरात) भनियो । भने कतिपय किरातहरु दुध कोशी र अरुण कोशी तर्फ अघि बढे त्यस क्षेत्रकालाई राई/खम्बुवान (माँझ किरात) भन्न थलियो । यस्तै गरि कतिपय किरातहरु तमोर नदी क्षेत्र तर्फ बढेका थिए, जसलाई लिम्बु/लिम्बुवान (पल्लो किरात) भन्न गरियो । यसरी उपत्यकाबाट पलायन भई पूर्व तर्फ लागेका किरातहरुको ३ जातिय क्षेत्रमा विभाजन हुन पुगे र आ-आफ्नो क्षेत्रमा स्वतन्त्र राज्य स्थापना गरि बस्न थाले ।

यसरी अरुण कोशी तर्फ बसोबास गर्दै आएका किरातीहरु नै पछिल्लो समयमा खम्बु हुदै हाल आएर एक महान राई जातिको रुपमा स्थापित भएको इतिहास पाइन्छ। भन्ने कुरा उल्लेख गर्नु भएको छ।

हरिप्रसाद श्रेष्ठ (२०५६) मा राईहरु किरातकै एक शाखा हुन् 'राई' शब्दलाई केलाउँदा यसबाट कुनै जाति बोध हुँदैन । बंगालबाट सेनहरुको नेपाल प्रवेशपछि नै उनीहरु राई शब्दले विभूषित भए भन्ने कुरा अनुमान गर्न सकिन्छ, भनि उल्लेख गरिएको छ । 'राई' शव्दको प्रयोग जुम्लाको राजा पुन्य मल्लको शाके १३५९ को ताम्रपत्रमा पनि परेको छ (श्रेष्ठ, २०५६) । तर त्यसमा 'राई' शब्दले राजा भन्ने बुझाएको छ, भनी व्याख्या गरेको पाइन्छ ।

बालकृष्ण मुकारुङ राई (२०६७) ले संसारकै आदिम मूल जातिहरु मध्येका जाति किरातहरु हुन्, भन्ने कुरामा विवाद छैन । कालान्तरमा सोही जाति भित्र विभिन्न थरीका जातिय समुदायहरु विकसित भए । तिनै समुदायभित्र एक समुदायको रुपमा 'राई' जतिको उत्पत्ति भयो । त्यसपछि किरात राई भन्न थालियो । किरात भित्र राईहरुको उत्पत्ति कहिले भयो ? भन्ने कुराको इतिहास यकिन नभए तापनि यसको इतिहासलाई पनि शाके १० औं शताब्दीदेखि १८ औं शताब्दीमा राई नाम प्रचलनमा आएको कुरा उल्लेख गरेको पाइन्छ।

डोर बहादुर विष्ट (सन् २०१०) मा राई भन्ने शब्द खास गरि कुनै जातिको नाम होइन यो त गाउँको ठालु वा मुखिया जनाउने शब्द मात्र हो । माँझ किरातमा धेरैजसो राईहरु आफूलाई जिमी वा जिमीनदार भन्ने गर्छन् । तापनि राई शब्द बढी प्रचलनमा आउँदैन । यो शुरुमा बाहुनलाई पण्डित, नेवारलाई साहुजी, राणा र ठकुरीलाई बावुसाहेव आदि शब्दले सम्मान पूर्वक सम्बोधन गरे जस्तै मात्र थियो । कालान्तरमा विस्तार-विस्तार अब राई भन्नाले किरातीका एक ठूलो समूहलाई बुझाउने चलन बसेको पाइन्छ, भनी उल्लेख गरेको पाइन्छ ।

राई उहिले कताबाट आएका थिए ? भन्ने बारे थरि-थरिका विचारहरु देखिएका छन् । तर यो विषय कसैलाई थाहा हुन सकेको छैन । त्यसको मतलव हो राईहरु थाहा पाएसम्म हजारौ वर्षदेखि यहि नेपालका बासिन्दा रहेका छन्। त्यसैले यहाँको आदिवासी जनजातिको रुपमा राई जाति रहेको कुरा उल्लेख गरिएको छ ।

## ४.४ सामाजिक अवस्था (Social Status)

सामाजिक रुपमा दुर्छिम गाउँ विकास समिति बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक रुपमा रहेको छ । यहाँ राई, ठकुरी, मगर, क्षेत्री, सार्की, दर्जी, कामी जस्ता जात-जातिहरु बसोबास गर्दै आएको पाइन्छ । यस गाउँ विकास समितिमा बसोबास गर्दै आएका जातजातिहरु मध्ये राईको बाहुल्यता रहेको छ । यस समुदायमा भएका विविध जातिहरुले आ-आफ्नै धर्म संस्कार सँस्कृति परम्परा रितिरिवाज अनुसार वार्षिक चाँडपर्वहरु मनाउने गर्दछन् । राई समुदायले मुख्य गरी साकेला पर्व मनाउने गर्दछन् । साथै दशैं, तिहार, साउने सक्रान्ति, तीज, माघे संक्रान्ति जस्ता पर्वहरु पनि मनाउने गरेको पाइन्छ । यस गाउँ विकास समितिमा विविध जातजाति भए तापनि त्यही विविधताभित्र एकता भएर रहेको समुदाय हो ।

तालिका नं. १ : दुर्छिम गाउँ विकास समितिको जातिय विवरण तालिका

| जति | राई | | क्षेत्री | | ठकुरी | | मगर | | कामी | | सार्की | | दर्जी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | |
| १ | १५० | १६७ | ६ | ९ | - | - | - | - | १५ | २१ | - | - | १३ | १२ | ३९३ |
| २ | २४७ | २३६ | - | - | - | - | - | - | - | - | - | - | ५ | ६ | ४९४ |
| ३ | २७४ | २४४ | १० | ६ | ३ | २ | - | - | - | - | - | - | - | - | ५३९ |
| ४ | ३४३ | ३३२ | १९ | २० | - | - | - | - | - | - | ४ | ५ | - | - | ७२३ |
| ५ | १५५ | १४३ | १६७ | १५५ | - | - | - | - | - | - | १६ | २६ | - | - | ६६२ |
| ६ | ३९ | ४२ | १०० | ८४ | - | - | - | - | - | - | - | - | २९ | २४ | ३१८ |
| ७ | १५६ | १६० | - | - | १५ | १९ | ६ | ६ | - | - | ५ | २ | - | - | ३६९ |
| ८ | १२४ | १४६ | ४८ | ४८ | - | - | - | - | - | - | - | - | - | - | ३६६ |
| ९ | १५३ | १४८ | ४६ | ४० | - | - | - | - | - | - | १८ | १६ | - | - | ४२१ |
| जम्मा | १६१४ | १६१८ | ३९६ | ३६२ | १८ | २१ | ६ | ६ | १५ | २१ | ४३ | ४९ | ४७ | ४२ | ४२८५ |
| प्रतिशत | ७६.०५ % | | १७.८६ % | | ०.९१ % | | ०.२८% | | ०.८४ % | | २.१४ % | | २.०७ % | | |

स्रोत: स्थलगत अध्ययन, २०७०

उपर्युक्त तालिका नं. १ मा सबभन्दा बढी जनसंख्या राई जातिको ३२३२ अथवा ७६.०५% हुन आउँछ । दास्रोमा क्षेत्री जातिको ७५८ अथवा १७.८६% रहेको छ । तेस्रो ठूलो जातिको रुपमा सार्की ९२ जना अथवा २.४% त्यस्तै दर्जी ८९ अथवा २.०७%, ठकुरीहरुको जनसंख्या ३९ अथवा ०.९१%, कामी ३६ जना अथवा ०.८४% र मगरको जम्मा जनसंख्या १२ जना अथवा ०.२८% रहेको छ ।

## ४.५ जनसंख्या (Population)

कुनै पनि समाजको संरचना त्यहाँको जनसंख्या र जनसंख्याको उमेर, लिङ्ग, पेशा जस्ता संरचनागत स्वरुपले प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । समाजको सामाजिक क्रियाकलाप त्यहाँको मूल्य, मान्यताहरु हेर्न र बुझ्न त्यस क्षेत्रको जनसंख्याको अवस्थाको जानकारी हुन आवश्यक पर्दछ । यसै सन्दर्भमा दुर्छिम गाउ विकास समितिको जनसंख्यालाई उमेरगत रुपमा तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं.२ : दुर्छिम गाउँ विकास समितिको उमेरगत विवरण तालिका

| वडा न. | १ | | २ | | ३ | | ४ | | ५ | | ६ | | ७ | | ८ | | ९ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिङ्ग | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | पू. | म. | |
| ०-६बर्ष | २७ | ३० | ४५ | ३९ | ५८ | ४० | ६१ | ७२ | ६४ | ७० | ३२ | २८ | ४५ | २६ | ४५ | ४१ | ३५ | ४१ | ७९९ |
| ७-१५ | ३८ | ४४ | ५४ | ४० | ६० | ५० | ९५ | ९० | ८९ | ८३ | ४६ | ४० | ४७ | ४९ | ४६ | ५५ | ७३ | ५३ | १०५२ |
| १६-२५ | ४० | ४९ | ४८ | ६० | ६९ | ५९ | ७४ | ५५ | ५१ | ५८ | ३५ | ३५ | ३६ | ३९ | २१ | ३५ | ३४ | ३६ | ८३४ |
| २६-४० | ३६ | ४१ | ४७ | ५४ | ४८ | ४१ | ६० | ६७ | ७५ | ६२ | ३२ | २४ | २२ | ३३ | ३४ | ३१ | ३५ | ४० | ७८३ |
| ४१-७५ | ४१ | ४१ | ५६ | ४५ | ४९ | ६० | ७२ | ७० | ५५ | ४७ | २१ | २९ | ३० | ३९ | २४ | ३० | ३८ | ३३ | ७७० |
| ७६-८५ | १ | २ | २ | ४ | ३ | २ | ३ | ३ | ३ | २ | ४ | २ | २ | १ | १ | २ | - | - | ४१ |
| ८६-१०० | - | २ | - | - | - | - | १ | - | १ | - | - | - | - | - | १ | - | १ | - | ६ |
| जम्माा | १८४ | २०९ | २५२ | २४२ | २८७ | २५२ | ३६६ | ३५७ | ३३८ | ३२४ | १६८ | १५० | १८२ | १८७ | १७२ | १९४ | २१७ | २०४ | ४२८५ |
| कुल जम्मा | ३९३ | | ४९४ | | ५३९ | | ७२३ | | ६६२ | | ३१८ | | ३६९ | | ३६६ | | ४२१ | | ४२८५ |

स्रोतः स्थलगत अध्ययन, २०७०

उपर्युक्त तालिका नं. २ लाई हेर्दा ७-१५ वर्ष उमेर समूहको जनसंख्या सबभन्दा बढी १०५२ जना रहेको छ । त्यसपछि १६-२५ वर्ष उमेर समूहको ८३४ जना देखियो । त्यसै गरी तेस्रोमा ०-६ वर्ष उमेर समूहको ७९९ जना पाइयो । त्यसपछि २६-४० वर्ष उमेर समूहको ७८३ जना, त्यस्तै ४१-७५ वर्ष उमेर

समूहका ७७० जना, ७६-८५ वर्ष उमेर समूहका ४१ जना र ८६-१०० वर्ष उमेर समूहका ६ जना गरी जम्मा ४२८५ जना जनसंख्या रहेको छ ।

### ४.६, **शैक्षिक अवस्था** (Educational Status)

देशका मुख्य जनशक्ति अथवा विकासको स्थितिलाई देखाउने सूचकको रुपमा देशमा रहेका विद्यमान् साक्षरता एवम् शिक्षित जनशक्तिको अवस्थाले संकेत गर्दछ । शिक्षा कुनै पनि देशको विकासको सन्दर्भमा मुख्य पक्ष हो । नेपालमा सर्बसाधारणले २००७ सालको राजनीतिक परिवर्तनपछि शिक्षाको ज्योति देख्न थालेका थिए । हालसम्म आएर त्यस समयको तुलनामा धेरै विकास र विस्तार भए तापनि नेपालको सम्पूर्ण भू-भागमा बसोबास गर्ने जनसमुदायले राम्रो शिक्षा प्राप्त गर्न सकेका छैनन् । अझै पनि शैक्षिक अवस्थाको कुरा गर्ने हो भने निश्चित स्थानमा केन्द्रिकृत नै छन् । यस्तो अवस्थामा दुर्छिम गाउँ विकास समितिमा स्थापना भएको विद्यालय र विद्यार्थीहरुको संख्यालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं.३ : दुर्छिम गाउँ विकास समितिका विद्यालय र विद्यार्थी संख्या विवरण तालिका

| क.स. | विद्यालयको नाम | स्थापना | विद्यार्थी | | जम्मा |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | |
| १. | श्री दामोदर महासिंह प्राथमिक विद्यालय दुर्छिम-५ | २०१७ | ६६ | ६० | १२६ |
| २. | श्री रातमाटे प्राथमिक विद्यालय दुर्छिम-२ | २०२९ | ५३ | ३९ | ९२ |
| ३. | श्री चुमाखु प्रस्तावित निम्न माध्यमिक विद्यालय दुर्छिम-४ | २०३० | ७३ | ८२ | १५५ |
| ४. | श्री दुर्छिम माध्यमिक विद्यालय दुर्छिम-५ | २०३६ | ९३ | ८२ | १७५ |
| ५ | श्री लक्ष्मी प्राथमिक विद्यालय दुर्छिम-९ | २०४६ | ७१ | ४९ | १२० |
| ६. | श्री सहकला प्राथमिक विद्यालय दुर्छिम-३ | २०४७ | ३२ | २४ | ५६ |
| ७. | जनश्रम प्राथमिक विद्यालय दुर्छिम-६ | २०५४ | ४१ | २७ | ६८ |
| ८. | सरस्वता प्राथमिक विद्यालय दुर्छिम-७ | २०५४ | ३८ | ३८ | ७६ |
| ९. | श्री सरस्वती प्राथमिक विद्यालय दुर्छिम-८ | २०५५ | १० | ११ | २१ |
| | जम्मा | | ४७७ | ४१२ | ८८९ |
| | कुल जम्मा | | ८८९ | | |

स्रोत: स्थलगत अध्ययन, २०७०

प्रस्तुत तालिका हेर्दा यस गाउँ विकास समितिमा २०१७ सालबाट औपचारिक रुपमा सुरु भएको शैक्षिक स्थिति यस पार्श्वचित्र प्रकाशन गर्दासम्ममा एक माध्यमिक विद्यालय, एक प्रस्तावित निम्न माध्यमिक विद्यालय र सातवटा प्राथमिक विद्यालयहरु गरी जम्मा ९ वटा विद्यालयहरु रहेका छन् । यस गाउँ विकास समितिको वडा नं. ५ मा दुई वटा विद्यालयहरु रहेका छन् । तर वडा नं. १ मा विद्यालय स्थापना भएको छैन । भने अन्य वडाहरुमा एक-एक वटा विद्यालयहरु रहेका छन् । यी ९ वटा विद्यालयहरुमा विद्यार्थीहरु छात्र ४७७ जना र छात्रा ४१२ जना गरी जम्मा ८८९ जना अध्ययनरत छन् ।

## ४.७ भाषा, संस्कार र सँस्कृति (Language, Ritual and Culture)

यस गाउँ विकास समितिमा साम्पाङ, चाम्लिङ, तिलुङ, बनेम र अम्वुले थरका राईहरुका जनघनत्व रहेको पाइन्छ । अन्य जातजातिहरुमा क्षेत्री, कामी, सार्की, दर्जी, ठकुरी, मगर रहे तापनि यहाँको मुख्य भाषा चाम्लिङ नै रहेको पाइन्छ । तर, यो भाषा पनि दिन प्रतिदिन लोप हुन लागेको देखिन्छ । नेपाली भाषाको नै बाहुल्यता बढ्दै गएको देखिन्छ । यहाँका ६८.३०% राईहरु मध्ये लगभग २०.००% ले मात्र चाम्लिङ भाषा बोल्न सक्छन् (दुर्छिम गाउँ विकास समिति पार्श्वचित्र, २०५८) ।

संस्कार र सँस्कृतिका क्षेत्रमा यहाँका समग्र जनजातिहरुले बच्चा जन्मिपछि न्वारान, पास्नी, छेवर (ब्रतवन्ध), विवाह र मृत्यु पश्चात काजक्रिया गर्ने प्रचलनका साथै राई समुदायमा साम्खा, माछाक्मा र छुवा (पितृ पूजा) गर्ने गर्दछन् । भने आर्यनहरुले श्राद्ध र देवाली  गर्ने गर्दछन् । यहाँका राई जातिहरुले छोरा जन्मदा न्वाँरान गर्दा काठको हलो र जुवा साथै छोरी जन्मिएमा कपडा बुन्ने काठको तान बनाउने गरेको पाइन्छ । यसका साथै जङ्गलमा पाइने कुरिलो र कुकुरदाईनेको पातलाई सिरु घाँसले कसी सल्लाको दियालोको मुक्का बनाई पोल्ने गरिन्छ । विवाहको समयमा पनि राई मुन्दुमका आधारमा नै वाकदत्ता (कन्यादान) दिने गरिन्छ ।

राई समुदायको महान् चाँड साकेला यस गाउँ विकस समितिमा आज भन्दा ९०/१०० वर्ष पहिला नाच्थे र सो नाच नाच्ने स्थल यसै गाउँ विकास सकितिको वडा नं. २ रातमाटेको दिप्पाटों भन्ने ठाँउमा साकेलास्थान आज पनि यथावत रहेको छ (पार्श्वचित्र, २०५८) । हाल मानिसहरुले साकेला नाचलाई वर्षमा दुई पटक उभौली र उधौली भनी क्रमशः बैशाख पूर्णिमा र मंसिर पूर्णिमाको समयमा सै-सैला गाउँदै ढोल र झ्याम्टा बजाउँदै साकेला पर्व मनाउने गरेको पाइन्छ ।

दशैं र तिहार प्रायः सबैले मनाउने प्रचलन भए तापनि दशैं बढी खर्चालु पर्व भएकाले यसलाई नमान्नेहरुको संख्या यस समुदायमा बढ्दै गएको छ । तर तिहार यस गाउँ विकास समितिका सबै जात विशेषका समुदायले नै ठूलो पर्वका रुपमा मनाउने गरेको पाइन्छ । देउसी र भैलो खेली उठाएको सहयोग रकमबाट सामाजिक सुधारको क्षेत्रमा सकारात्मक विकास भएको देखिन्छ । प्रत्येक गाउँमा सामाजिक कार्यको लागि आवश्यकीय सामाग्रीहरु पेट्रोलमेक्स, थाल, बेटुको, खर्कुडा, वाल्टिन, पाल जस्ता व्यवहारिक प्रयोजनका लागि सामानहरु जोडेका छन् । भने, मनोरञ्जनका लागि मादल, हारमोनियम, गितार, बासुरी जस्ता सामानहरु जोडेका छन् ।

पूर्वका लोक नृत्य भनेर चिनिने मारुनी नाँच केहि समय अगाडि नाँच्ने प्रचलन थियो । तर, केहि वर्ष यता यो नाचलाई बुढापाकाहरुको गीत र नाँच भनी कम महत्व दिएपछि त्यस मारुनी नाचको अवस्था कमजोर बन्न पुगेको छ । यस्ता मारुनी नाँच जस्ता पुराना संस्कार र सँस्कृतिको कुरा गर्दै जाँदा यहि गाउँ विकास समिति वडा.नं. ३ का एक वृद्ध व्यक्ति फलामसिं राई भाका हालेर गीत कै माध्ययमबाट यसो भन्नु हुन्छ -

लै लै हो गाई दुहुनाले, विरानो भइयो भेट नहुनाले
लै लै हो धान छर्दा छर्दै, उमेर गयो नानी हो मन पर्दा पर्दै
लै लै हो मान्द्रो है बेरौं, कहाँ पुग्यो उमेर रुख चढिहेरौं

लै लै हो ऐसेलु काँडा, माया गर्दा गर्दै काटियो डाँडा
लै लै हो दन्तैमा बिरि, गएको उमेर आउदैन फिरी
लै लै हो तारा नौ लाखे, यो जस्तो जीवन फेरी आउला के ?
लै लै हो गोरु साउदैन, गएको जोवन फेरी आउदैन
लै लै हो रावा खालैखोला, दुई दिनको जीन्दगी के होला होला.....................

सङ्क्षेपमा हेर्दा संस्कार र सँस्कृतिको संरक्षण, सम्बर्द्धन अनि विकास र विस्तार गर्ने जिम्मेवारी युवा पुस्ताको काँधमा आएको देखिन्छ । तर अघिल्लो पुस्ताको वृद्ध-वृद्धाहरुको अभिव्यक्ति सुन्दा आफूहरुले जानेको संस्कार सँस्कृतिका कुराहरु पछिल्लो पुस्तालाई दिन चाहँदा पनि वेवास्ता भएकोमा ती वृद्ध-वृद्धाहरु आजित भएको कुरा प्रष्टिन्छ ।

## ४.८ अन्य समुदाय बीच समानता र भिन्नता (Similarity and Differences between Other Community)

दुर्छिम गाउँ विकास समिति डाँडागाउँमा राई जाति लगायत क्षेत्री, ठकुरी, मगर, सार्की, कामी, दर्जी आदि जातिहरुले वसोबास गर्ने गरेको पाइयो । यी जातिहरुसँग राई जातिको जन्म संस्कारमा केहि समानता तथा केही भिन्नताहरु रहेको पाइयो । नयाँ वर्ष, साउने सङक्रान्ति, दशैं, तिहार, बालाचतुर्दशी, माघे सङक्रान्ति, शिवरात्री, रामनवमी जस्ता चाँडपर्वहरु सबै जातजातिहरुले मनाउने गरेको पाइयो । यी चाँडपर्वहरुमा यहाँका जातजातिहरुले आ-आफ्नो आर्थिक स्थिति अनुसार मिठो मसिनो माछा मासु बनाई आफन्तहरुसँग भेटघाट गरि खाने खुवाउने गर्ने गरेको पाइयो ।

राई जातिले मात्र मनाउने चाँड पर्वमा साकेला पर्व रहेको पाइयो । यो पर्व यहाँका राई जातिले वर्षमा दुई पटक बैशाख पूर्णिमामा उभौली र मंसिर पूर्णिमामा उधौली मनाउने गरेको पाइयो । यस पर्वमा यहाँका राई जातिहरुले आफूहरु भूमिपुत्रको रुपमा रहेको बताउँदै भूमिको पूजा गरि साकेला नाँच्दै यो पर्व मनाउने गर्दछ । त्यस्तै यहाँ रहेका अन्य जातिहरुले प्रायः गरेर जनाई पूर्णिमा, देवाली र

तीजलाई विशेष महत्वका साथ मनाउने गरेको पाइयो । तर यी पर्वहरु राई जातिले नमनाउने कुरा बताएका थिए । यहाँका सबै जातजातिको बच्चा जन्मेदेखि वा जन्म संस्कार देखी छेवर (राईहरुको), व्रतबन्ध (क्षेत्री लगायत अन्य जातिको), गुन्युचोली, विवाह र मृत्यु संस्कार सबैले नै गर्ने गरेको तर यी संस्कारहरु गर्ने परम्परा भने आ-आफ्नै किसिमको रहेको पाइयो ।

यस गाउँमा रहेका राईजाति र अन्य जातिहरुमा जन्म संस्कार देखि मृत्यु पर्यान्तसम्म वा मृत्यु संस्कार र वर्षभरि मनाउने चाँडपर्वहरुमा परम्परागत मूल्य मान्यता, विधि फरक रहेको भए तापनि प्राय गरेर सबै संस्कारहरु मनाउने गरेको पाइयो । भने केही संस्कारहरु फरक रहे तापनि एक अर्को जातिको चाँडपर्व र संस्कारहरुलाई सम्मानका साथ आत्मसात गरेको पाइयो । जसले यस गाउँमा रहेका विविध जातिहरु बीचमा पनि एउटा भातृत्वको भावना रहेको पाइयो । यसरी भातृत्वको भावना रहनु भनेको एउटा समाजमा रहेका जात जातिहरुको एकता वा मेलमिलापले गर्दा यहाँको समाजमा सकारात्मक प्रकार्य गरिरहेको पाइयो ।

# अध्याय-पाँच (CHAPTER-FIVE)

## ५.तथ्याङ्क विश्लेशण तथा प्रस्तुतिकरण (Data Analysis and Presentation)

यस अध्याय शोधपत्रको मुख्य र महत्वपूर्ण भाग हो । यस अध्याय अन्तर्गत दुर्छिम गाउँ विकास समिति डाँडागाउँमा बसोबास गर्दै आएका राईहरु मध्ये चिट्ठा प्रणालीद्वारा ५० घरधुरीबाट लिइएका तथ्याङ्कहरुलाई विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ । यहाँ राई जातिमा गरिने जन्म संस्कारका बारेमा संकलन गरिएका तथ्याङ्कहरुका आधारमा  शोधपत्रलाई व्यवस्थित र उद्देश्यपूर्ण बनाउनका लागि प्राथमिक र द्वितीय स्रोतका माध्ययमबाट संकलन गरिएका तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृतिअनुसार वर्गीकरण गरी व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको सूचनाहरुलाई आवश्यकता  अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विस्तार गरिएको छ । परिणात्मक प्रकृतिको तथ्याङ्कहरुलाई आवश्यकतानुसार तालिका बनाई बोधगम्य बनाउन सांख्यिक विधिको प्रयोग गरि तथ्याङ्कहरुको विश्लेषण गरिएको छ ।

### ५.१ पारिवारिक अवस्था (Family Status)

यस अध्ययन क्षेत्रका राईजातिहरुको पारिवारिक सदस्य संख्या कति छ ? परिवारको आकार के-कस्तो छ ? भनि अध्ययन गरिएको थियो । यस अध्ययनबाट आएका तथ्याङ्कहरुलाई तालिकामा यसरी देखाइएको छ ।

तालिका नं. ४ : डाँडागाउँका राई जातिका पारिवारिक विवरण तालिका

| क्र. सं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सानो | २१ | ४२ |
| २. | ठूलो | २९ | ५८ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन २०७०

प्रस्तुत तालिका नं. ४ मा उल्लेख गरिएको परिवारलाई दुई प्रकारमा विभाजन गरिएको थियो । ४ जना भन्दा कम पारिवारिक सदस्य भएकालाई सानो परिवार र ५ देखि बढी पारिवारिक सदस्य भएको परिवारलाई ठूलो परिवार भनि निर्धारण गरिएको थियो । यस मापदण्ड अनुसार सानो परिवारमा २१ घरपरिवार र ठूलो परिवारमा २९ घर परिवार रहेको पाइयो ।

## ५.२ उमेर (Age)

यस शोधपत्रलाई उद्देश्यपूर्ण बनाउनका लागि दुर्छिम गाउँ विकास समिति डाँडागाउँमा बसोबास गर्दै आएका राईजातिको अध्ययन गरिएको थियो । जहाँका ५० जना उत्तरदाताहरु छनौट गरि विस्तृत जानकारी लिइएको थियो । ती ५० जना उत्तरदाताहरुको उमेरलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

तालिका नं. ५ : उत्तरदाताको उमेर सम्बन्धी विवरण तालिका

| क्र.स. | वर्ष समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १, | १०-२० | १ | २ |
| २, | २१-३० | १२ | २४ |
| ३, | ३१-४० | १५ | ३० |
| ४, | ४१-५० | १५ | ३० |
| ५, | ५१-६० | ३ | ६ |
| ६, | ६१-७० | ३ | ६ |
| ७, | ७१ भन्दा माथि | १ | २ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

यस शोधपत्रका लागि छनौटमा परेका उत्तरदाताहरु मध्ये सबैभन्दा बढी ३१ देखि ४० र ४१ देखि ५० उमेर समूहका १५/१५ जना रहेको थियो । दोस्रो उमेर समूहमा २१ देखि ३० जहाँ १२ जना उत्तरदाताहरु रहेका थिए । ५१ देखि ६० र ६१ देखि ७० उमेर समूहका र सबैभन्दा कम उत्तरदातामा १० देखि २० र

७१ भन्दा माथि उमेर समूहका १/१ जना गरि जम्मा ५० जनाबाट तथ्याङ्क संकलन गरिएको थियो ।

## ५.३ शैक्षिक अवस्था (Educational Status)

दुर्छिम गाउँ विकास समिति डाँडागाउँका ५० राई व्यक्तिहरुलाई उनीहरुको शैक्षिक स्थितिको बारेमा सोधिएको थियो । जसमा उनीहरुले दिएको शैक्षिक स्थितिको विवरणलाई तालिकाका माध्ययमबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : उत्तरदाताको शैक्षिक स्थिति सम्बन्धी विवरण तालिका

| क.स. | शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १, | ०-५ | १२ | २४ |
| २, | एस.एल.सी. | २२ | ४४ |
| ३, | प्रमाणपत्र तह | ६ | १२ |
| ४, | स्नातक तह | ८ | १६ |
| ५, | स्नातकोत्तर तह | २ | ४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

यस तालिकालाई हेर्दा यस अध्ययन क्षेत्रमा सबै भन्दा बढी एस.एल.सी. सम्म अध्ययन गरेको जसको तथ्याङ्क २२ जना रहेको पाइयो । दास्रोमा कक्षा ५ सम्म अध्ययन गर्ने १२ जना त्यसपछि क्रमशः स्नातक तह ८, प्रमाणपत्र तह ६ र स्नातकोत्तर तहमा २ जनाले अध्ययन गरिरहेको पाइयो ।

## ५.४ पेशा (Occupation)

यस अध्ययन क्षेत्रका राई जातिका मुख्य पेशाका रुपमा कृषि रहेको पाइयो । यो कृषि पेशा मुख्य गरि यहाँको राई समुदायका जीवीकोपार्जनको रुपमा रहेको पाइयो । कृषिको अलवा यहाँका राईहरुले गर्ने पेशाको रुपमा शिक्षण, ठेकेदार, बैदेशिक रोजगार, व्यापार, कर्मी, ड्राईभिङ, सरकारी नोकरी, समाज सेवा साथै

अध्ययनलाई निरन्तरता दिइरहेको पाइयो । यस विवरणलाई तालिका नं. ७ मा देखाइएको छ ।

तालिका नं. ७ : उत्तरदाताको पेशा सम्बन्धी विवरण तालिका

| क.स. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १, | कृषि | १९ | ३८ |
| २, | शिक्षण | ८ | १६ |
| ३, | अध्ययन | ५ | १० |
| ४, | ठेकदार | ३ | ६ |
| ५, | वैदेशिक | २ | ४ |
| ६, | व्यापार | ८ | १६ |
| ७, | कर्मी | १ | २ |
| ८, | ड्राइभिङ | १ | २ |
| ९, | नोकरी | १ | २ |
| १०, | समाज सेवा | २ | ४ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

प्रस्तुत तालिकालाई हेर्दा डाँडागाउँको राई समुदायमा सबैभन्दा बढी कृषि पेशा अवलम्बन गर्नेहरुमा ३८ प्रतिशत, दोस्रो शिक्षण र व्यापारमा १६/१६ प्रतिशत, अध्ययन गरिरहेका १० प्रतिशत, ठेकदार ६ प्रतिशत, त्यस्तै वैदेशिक राजगार र समाजसेवामा ४/४ प्रतिशत भने सबैभन्दा कम कर्मी, ड्राइभिङ र नोकरीमा २/२ प्रतिशत रहेको पाइयो ।

## ५.५ पारिवारिक स्रोत (Family Source)

कुनै पनि स्थानको सामाजिक तथा साँस्कृतिक अवस्थालाई प्रभाव पर्ने पक्षका रुपमा पारिवारिक स्रोत साधनहरुको मुख्य भूमिका रहेको हुन्छ । जसले गर्दा यस अध्ययन क्षेत्रका पारिवारिक स्रोत साधनको अवस्था के-कस्तो रहेको छ भनी तथ्याङ्क संकलन गरिएको थियो । यहाँका ५० घर परिवारका पारिवारिक स्रोतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ८ : उत्तरदाताको जग्गाको विवरण तालिका

| | जग्गाको विवरण | | | | |
|---|---|---|---|---|---|
| क.सं. | रोपनी | बारी | खेत | पाखो | जंगल |
| १ | ०-५ | १२ | ३४ | ३५ | ३९ |
| २ | ६-१० | २६ | १२ | ११ | ९ |
| ३ | ११-१५ | ३ | ४ | २ | २ |
| ४ | १६-२० | ७ | - | २ | - |
| ५ | २१-२५ | - | - | - | - |
| ६ | २६-३० | - | - | - | - |
| ७ | ३१-३५ | २ | - | - | - |

स्रोतः स्थलगत अध्ययन, २०७०

तलिका नं. ८ मा देखाइएको पारिवारिक स्रोत सम्बन्धी खेत, बारी, पाखो, जंगल गरी ४ भागमा विभाजन गरि विवरण लिइएको थियो । यसमा बारी ५ रोपनी भन्दा कम हुने व्यक्तिहरुको संख्या १२, खेत ३४, पाखो ३५ र जंगल ३९ रहेको पाइयो । ६ देखि १० रोपनीसम्म हुनेमा बारी २६, खेत १२, पाखो ११, जंगल ९ जना रहेको पाइयो । ११ देखि १५ रोपनीसम्म हुनेमा बारी ३, खेत ४, पाखो २, जंगल २ रहेको छ । १६ देखि २० रोपनीसम्म बारी ७, पाखो २ रहेका छन् । भने, ३१ देखि ३५ रोपनीसम्म बारी हुने व्यक्तिहरुको संख्या २ रहेको पाइयो ।

## ५.६ **पशुपंक्षीहरु** (Animals and Birds)

दुर्छिम गाउँ विकास समिति डाँडागाउँमा बसोबास गर्दै आएका ५० राई घरपरिवारमा पालिएको घरपालुवा पशुपंक्षीहरुको विवरण स्थलगत सर्वेक्षण गरी संकलन गरिएको थियो । यसरी पालिएका पशुपंक्षीहरु दुध, मासु, काम, मल जस्ता प्रयोजनका लागि थियो । यस विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ९ : उत्तरदाताहरुको पशुपंक्षी सम्बन्धी विवरण तालिका

| क्र.सं. | पशुपंक्षी | जम्मा | औसत प्रतिघर |
|---|---|---|---|
| १ | कुखुरा | ५०९ | ११ |
| २ | सुंगुर | ७४ | २ |
| ३ | गाई | १६३ | ४ |
| ४ | भैसी | ७९ | २ |
| ५ | बाखा | ३१६ | ७ |

स्रोतः स्थलगत अध्ययन, २०७०

यस अध्ययन क्षेत्रमा राई जातिहरुले विभिन्न प्रयोजनका लागि पालेका घर पालुवा पशुपंक्षीहरु औसतमा प्रतिघरधुरी कुखुरा ११ वटा, सुगुर २ वटा, गाई ४ वटा, भैसी २ वटा, बाखा ७ वटा रहेको पाइयो ।

## ५.७ जन्म संस्कार (Birth Ritual)

यस दुर्छिम गाउँको राईहरुका जीवन प्रक्रियामा विविध प्रकारका संस्कारहरु मान्दै र मनाउँदै आएको पाइयो । जन्म संस्कार, पास्नी, छेवर (ब्रतवन्ध), विवाह दाह संस्कार । यी संस्कारहरुको जन्म संस्कार बच्चा जन्मेपछि सर्वप्रथम गरिने संस्कार भएको पाइयो । जुन उनीहरुले सयौँ वर्ष पहिलेदेखि गर्दै आएको पाइयो ।

जन्म संस्कार बच्चा जन्मिसकेपछि सर्वप्रथम गरिने संस्कारको रुपमा यहाँको राई समुदायहरुले मान्दै आएको पाइयो । यसै सन्दर्भमा दुर्छिम गाउँ विकास समिति डाँडागाउँका राई जातिहरुलाई जन्म संस्कार भन्नाले तपाईहरु के बुझ्नु हुन्छ ? भनी सोधिएको थियो । यस सवालमा आएका जानकारीलाई हेर्दा बच्चाको न्वारानका दिनसम्म गरिने सम्पूर्ण संस्कारलाई जन्म संस्कार भनिन्छ । यसलाई अझ प्रष्ट पार्नका लागि तल तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. १० : जन्म संस्कार बुझाई सम्बन्धी तालिका

| क्र.स. | संस्कार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बच्चा जम्मेदेखि न्वारानका दिनसम्म गरिने सम्पूर्ण संस्कार | ४८ | ९६ |
| २. | बच्चा जम्मेदेखि पास्नीका दिनसम्म गरिने सम्पूर्ण संस्कार | १ | २ |
| ३. | बच्चा जम्मेदेखि छेवरका दिनसम्म गरिने सम्पूर्ण संस्कार | १ | २ |
| | जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

प्रस्तुत तालिकालाई हेर्दा यस समुदायका केही व्यक्तिहरुले बच्चा जन्मेदेखि पास्नीको दिनसम्म गरिने सम्पूर्ण संस्कार र केहीले छेवरको दिनसम्म गरिने सम्पूर्ण संस्कारलाई जन्म संस्कार माने तापनि यस समुदायको अधिकांश व्यक्तिहरुले बच्चा जन्मेदेखि न्वारानको दिनसम्म गरिने सम्पूर्ण संस्कारलाई जन्म संस्कार मान्दै आएको पाइयो ।

बच्चा गर्भावस्थामा रहँदा कुनै पनि संस्कार वा पूजाआजा गर्ने गरेको पाइएन । तर सामान्यतया महिला गर्भवती रहेको अवस्थामा समय समयमा स्वास्थ्य संस्थामा गएर चेकजाच गर्ने गरेको पाइयो । साथै यस्तो अवस्थामा गर्भवती महिला विरामी भएमा नछुङ (धामी) लाई झारफुक गराउने गरेको पाइयो । यो काम मुख्यतया आध्यात्मिक शक्तिमा विश्वास राख्ने व्यक्तिहरुले गर्ने गर्ने गरेको पाइयो । यस गाउँमा समूहगत छलफल र अन्तरवार्ता लिदा  बच्चा गर्भावस्थामा रहँदा गर्नु हुने र नहुने क्रियाकलापहरुको बारेमा भने यस्तो मिथक पाइयो । बच्चा गर्भावस्थामा रहदा बाबु वा आमाले खोर्सानी चोरेमा त्यो बच्चा चलाख वा तिष्ण दिमाखको हुने र कुनै पनि जीवजन्तु काटमार गर्न नहुने यदि मारेमा बच्चालाई नराम्रो हुने कुरा पाइयो । त्यस्तै बच्चा गर्भावस्थामा रहँदा सर्प मारेमा बच्चा दुई जिब्रे हुन्छ भन्ने मान्यता भएको कुरा छलफलमा आएको थियो । आमा बाबुले अदुवा चोरेमा बच्चाको औला पनि अदुवा जस्तै वा औलामा अरु

औला पनि पलाउँछ भन्ने मिथक पाइयो । जसले गर्दा बच्चा गर्भावस्थामा रहँदा बाबु आमाले खोर्सानी चोर्न मिल्ने तर सर्प मार्न कुनै पनि किसिमको जीवजन्तु हानमार गर्न नमिल्ने त्यस्तै अदुवा पनि चोर्न नमिल्ने कुरा उत्तरदाताहरुले दिएको थियो ।

बच्चा गर्भावस्थामा रहँदा कुनै संस्कार गरिन्छ कि गरिदैन ? भनी यस गाउँको ५० व्यक्तिलाई सोधिएको थियो । यस प्रश्नका उत्तरमा उत्तरदाताहरुले महिला गर्भावस्थामा रहँदा कुनै पनि संस्कार नगरिने बताएका थिए ।

यस समुदायमा बच्चा जन्मदा बिहान जन्मेमा राम्रो वा शुभ साईतमा जन्म्यो राम्रो भयो भन्ने गरेको पाइयो । बेलुका जन्मेमा साँझमा नयाँ पाहुना आयो । बास माग्न/बास बस्न साँझमा आएको पाहुना भनेर लक्ष्मीको रुपमा मान्ने गरेको पाइयो । बच्चा जन्मेपछि सर्बप्रथम बच्चाको नाल ब्लेड वा लाग्ने हतियारले काटी उक्त नाललाई बाँसको ढुङ्रो वा चिन्डोमा लगाई दुधिलो (दुध जस्तो सेतो चोप आउने) रुख विरुवा जस्तो खिरुवा, चुवा, आदिको रुखमा राख्ने गरेको पाइयो । यसरी किन बच्चाको नाल दुधिलो रुखमा राखिन्छ ? भनी सोध्दा दुर्छिम गाउँको ६७ वर्षको पृथ्वी बहादुर राईले यस्तो बचाएका थिए त्यस्तो दुध आउने रुखमा राख्यो भने आमाको दुध धेरै आउँछ र छोरा छोरी सप्रिन्छ भन्ने कुरा गरेका थिए । यो भनाईलाई सुन्दा बच्चाको काटेको नाल दुधिलो किसिमको रुख बिरुवामा राख्दा आमाको दुध राम्ररी आउने र बच्चा राम्ररी सप्रिन्छ भन्ने किम्वदन्ती रहेको पाइयो ।

क्षेत्री समुदायका एक शिक्षिकालाई तपाईहरुको समुदायमा सर्वप्रथम बच्चा जन्मिसकेपछी के गरिन्छ ? त्यसको संस्कारगत मान्यता के रहेको छ ? भनी सोधिएको थियो । जसमा उनले यस्तो बताइन्, क्षेत्री जातिमा बच्चा जन्मिसकेपछी सर्वप्रथम सालनाल काट्ने काम गरिन्छ र काटीएको सालनाल घर नजिकै रोपिएको तुलसीको फेदमा माटोले पुर्ने गरेको बताइन् । यसरी तुलसीको फेदमा पुर्नु भनेको एउटा सफा र पवित्र स्थानमा सालनाल (बच्चाको साथीको

रुपमा लिइने गरेको) राखिने र यस्तो घर नजिकै राख्दा घरमा कुनै पनि समयमा पूजाआजा वा चाँडपर्व मनाएको समयमा घरमा सजिलै आइपुग्छ भन्ने संस्कारगत मान्यता रहेको बताइन् ।

जन्म संस्कारलाई उत्तरदाताहरुले कसैले बच्चाको पास्नीसम्म गरिने सम्पूर्ण संस्कार कसैले छेवर (ब्रतवन्ध) सम्म गरिने सम्पूर्ण संस्कार र उत्तरदाताहरु मध्ये धेरैले न्वाँरानको दिन सम्म गरिने सम्पूर्ण संस्कारलाई जन्म संस्कार भनिन्छ, भन्ने उत्तर पाइयो । यसै सन्दर्भमा यदि बच्चा छोरा भएमा ६ दिनमा र छोरी भएमा ५ दिनमा जन्म संस्कार पूरा हुने वा न्वाँरान गरिन्छ भन्ने कुरा बताएका थिए ।

बच्चाको नामाकरण बच्चा जन्मेको तिथी मितिलाई विशेषरुपमा आधारमानी त्यही तिथि मितिको आधारमा पात्रो हेरी नाम छनौट गर्ने प्रचलन पाइयो भने कसैले इच्छा अनुसार पनि नामाकरण गर्ने गरेको पाइयो । बच्चाको नाम छनौट गर्ने काममा मुख्य गरि बाबुको भूमिका रहेको पाइयो । नाम छनौट गरिसकेपछि बच्चाको नामाकरण गर्नका लागि आमा र बच्चालाई नुहाई धुवाई गरि, गाईको गोवर र माटोले घर लिपी, न्वारान गर्दा आवश्यकीय सामानहरु कोदो, मर्चा, पनी, तितेपाती, फुल, दुबोको जोडी कलश, काँसे थालमा चामल, दियो, रक्सी, कोक्रो, बच्चाको हात, खुट्टा र कम्मरमा लगाई दिने धागोको डोरी, भोटो, अदुवा, भाले/पाथी कुखुराको व्यवस्था गरी बच्चाको बाबुले यसो भन्दै- हिजो आमाको गर्भमा तिमीले फूलको रुपमा बास लिएर बसेका थियौं । आमाको गर्भमा रहँदा भावीले तिमीलाई मानव भएर बाँच्नु भनि लेखिदिएको हुँदा यस मानव संसारमा तिम्रो जन्म भएको छ । आजबाट तिमीले मानव भएर यस धर्तीमा गरिखानु पर्दछ । हामीले तिमीलाई (बच्चालाई लगाई दिएको नाम भन्ने) नाम राखि दिएका छौं । यस ठाउँको नागनगेनी सिमेभूमेले तिमीलाई सधैं साथ दिइरहोस्, सुम्निमा र पारुहाङ्ले लामो आयु प्रदान गरुन् । तिमीलाई बाजेबजू, बुवाआमा सबैको आशीर्वाद छ है (बच्चाको नाम भन्ने) (किरात साम्पाङ राई

मूद्दूम) । यति भएपछि बच्चाको विधि पूर्वक रुपमा न्वाँरान सकिन्छ । यी सम्पूर्ण काम बच्चाको बाबुले गर्ने प्रचलन रहेको पाइयो ।

तालिका नं. ११ : बच्चाको न्वारान गर्ने व्यक्तिसम्बन्धी तालिका

| क्र.स. | व्यक्ति | संख्या |
|---|---|---|
| १. | बुबा | ४९ |
| २. | ऋामा | ० |
| ३. | पुरोहित | ० |
| ४. | बाजे | ० |
| ५. | नछुङ | १ |
| | जम्मा | ५० |

स्रोतः स्थलगत अध्ययन, २०७०

बच्चाको नामाकरण गर्ने काम विधिपूर्वक गरिसकेपछि छोरी भएमा पोथीको टाउको र छोरा भएमा भालेको टाउको खानामाथि ठाडो पारी आमालाई शिर उभ्याउनी खान दिने प्रचलन रहेको पाइयो ।

राई जातिको साथसाथै क्षेत्री समुदायमा पनि जन्म संस्कार के कसरी गरिन्छ ? भन्ने उद्देश्यले यसै क्षेत्रको एक शिक्षिकालाई जन्म संस्कारको विषयमा अर्न्तवार्ता लिइएको थियो । जसमा बच्चाको नाम छनौट कसले गर्दछ ? बच्चाको नाम के को आधारमा छनौट गरिन्छ ? जन्म संस्कार कति दिनमा पूरा गरिन्छ ? जन्म संस्कारका लागी आवश्यकीय संस्कारगत सामाग्रीहरु के के हुन् ? आदि प्रश्नहरु राखिएको थियो । जसमा उनीले यस्तो बताएकी थिइन् । क्षेत्री समुदायमा बच्चाको नाम छनौट गर्ने काम ब्राह्मण पुरोहितले गर्ने जुन तिथी मिति हेरी बच्चाको राशी जुराइ राशी अनुसारको नाम एउटा, बार/महिना अनुसारको नाम एउटा गरि दुई वटा ब्राह्मण पुरोहितले नाम छनौट गर्ने र एउटा प्रयोगमा ल्याउने नाम जुन आमा बुवाको इच्छानुसार बावु आमाले राखिदिने प्रचलन रहेको बताइन् । यसरी बच्चाको नाम ३ वटा राखिने गरेको पाययो । बच्चाको ११ औं दिनमा न्वाँरान गरिने जसका लागि ब्राह्मण पुरोहित बोलाई जौ, तिल, कुश,

कलश, दियो जस्ता सामाग्रीहरु राखी ब्राह्मण पुरोहितले होमपाठ गर्दै बच्चाको न्वाँरान गर्ने कुरा बताएकी थिइन् । भने खानपानका लागी सामान्यतया दालभात मात्र खाने तथा खुवाउने गरिन्छ, भन्ने कुरा बताएकी थिइन् । यसरी हेर्दा यहाँको राई जाति र क्षेत्री समुदायबीच जन्म संस्कार आ-आफ्नै किसिमको रहेका पाइयो ।

## ५.८ जन्म संस्कारगत सामाग्रीहरु (Materials for Birth Ritual)

कुनै पनि संस्कार सँस्कृति मनाउँदा वा गर्दा संस्कार अनुसार विविध सामाग्रीहरु आवश्यक पर्दछ । त्यस्तै डाँडागाउँको राई जातिले जन्म संस्कार गर्दा खाद्य सामाग्रीहरु, लत्ताकपडा र अन्य आवश्यकीय सामाग्रीहरु प्रयोग गर्ने गरेको भेटियो । यस जातिमा जन्म संस्कारमा के-कस्ता खाद्यपदार्थहरु प्रयोग गरिन्छ ? भनी सोधिएको थियो । जसमा उत्तरदाताहरुले जन्म संस्कार गर्दा विविध प्रयोजनका लागि आवश्यक पर्ने कुरा बताएका थिए । जस्तै, भोजका लागि जाँड, रक्सी, चामल, घ्यू, मासु विधिपूर्वक संस्कारका लागि मर्चा, पानी, अदुवा, घ्यू साथै बच्चाको शारिरीक प्रयोजनका लागि तेल प्रयोग गर्ने गरेको बताए ।

राई जातिमा जस्तै क्षत्री समुदायमा आवश्यकीय संस्कारगत सामग्रीहरुमा जौ, तिल, कुश, दियो, कलश जस्ता सामग्री प्रयोग गरिनै साथै भोजका लागि साधारण दाल, भात, तरकारी मात्रै प्रयोग गरिने जानकारी पाइयो ।

### ५.८.१ जन्म संस्कारगत लत्ता कपडा (Cloths for Birth Ritual)

यस अध्ययन क्षेत्रका राई जातिको जन्म संस्कारमा के-कस्ता लत्ताकपडाहरु प्रयोग गर्दछन् ? भनी अध्ययन गरिएको थियो । सो क्षेत्रका राई जातिले जन्म संस्कारमा प्रयोग गर्ने लत्ताकपडाहरुमा धागो, टापी, भोटो, थाङ्ना प्रयोग गर्ने गरेको पाइयो । लत्ताकपडाको सम्बन्धमा अझ प्रष्ट पार्नका लागि अध्ययन क्षेत्रमा गई ५० उत्तरदाताहरुबाट लिएको विवरणलाई यस तालिकाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

तालिका नं. १२ : लत्ताकपडा सम्बन्धी विवरण तालिका

| क.स. | विवरण | संख्या |
|---|---|---|
| १, | धागो | ४७ |
| २, | टोपी | १७ |
| ३, | भोटो | ५० |
| ४, | थाङ्ना | ३ |

स्रोतः स्थलगत अध्ययन, २०७०

यस तालिकामा प्रस्तुत गरिएको टोपी, थाङ्ना र भाटो मुख्यगरि बच्चाको लागि न्यानो होस भनेर प्रयोग गर्ने गरेको पाइयो । धागो जन्म संस्कारमा बत्ती बाल्न र बच्चालाई ढाँड नदुखोस भनेर कन्धनी (कम्मरमा बाध्न बनाइएको धागोको डोरी) को लागि प्रयोग गर्ने कुरा समूहगत छलफलमा  प्रष्ट्याइएको थियो ।

लत्ताकपडाका साथसाथै संस्कारलाई पूर्णरुपमा सफल बनाउनका लागि निम्नानुसारका अन्य सामाग्रीहरु पनि प्रयोग गर्ने गरेको पाइयो । जसलाई प्रष्ट पार्नका लागि यस तालिकाले सहयोग गर्दछ ।

तालिका नं. १३ : जन्म संस्कारका विविध सामग्रीहरुको विवरण तालिका

| क.स. | विवरण | संख्या |
|---|---|---|
| १, | कोको | ४६ |
| २, | चिन्डो | ३३ |
| ३, | कर्दा | ४८ |
| ४, | खुर्पा | ४८ |
| ५, | दियो | १६ |
| ६, | सिक्का | ११ |
| ७, | कुखुरा | ४९ |
| ८, | कुरिलो | २६ |
| ९, | सेउली | ३६ |
| १०, | कुकुरदाइनेको पात | ४३ |
| ११, | हलोजुवाको नमूना | २६ |
| १२, | चर्खा | ३४ |

स्रोतः स्थलगत अध्ययन, २०७०

प्रस्तुत तालिकामा उल्लेख गरिएका क्र.सं. ११ र १२ का हलो जुवाको नमुना र चर्खाको नमूना क्रमशः छोरा भएमा हलो जुवाको नमूना र छोरी भएमा चर्खा (तान बुन्ने काठको साधन) नमूना बनाउने गरेको पाइयो ।

माथि प्रस्तुत गरिएको सामाग्रीहरु मध्ये जाँड, रक्सी, चामल, अदुवा, मासु, घ्यू, कपडाको थाङ्ना, कोक्रो, चिन्डो, सिक्का, कुखुरा जस्ता सामानहरु सामान्यतया घरमा नै उत्पादन गरिने गरेको पाइयो । जसमध्ये चर्खा, दियो, खुर्पा, कर्द, तेल, धागो, टापी जस्ता सामानहरु हाट बजारबाट ल्याई प्रयोग गर्ने र कुरिलो, सेउली, कुकुरदाइनेको पात वा मन्टा, हलो जुवाको नमूना, चर्खाको नमूना जस्ता सामाग्रीहरु जंगलबाट ल्याई आवश्यकीय नमूना बनाई प्रयोग गर्ने गरेको पाइयो ।

## **५.९, जन्म संस्कारको खर्च विवरण** (Expenditure Discriptions of Birth Ritual)

दुर्छिम गाउँको राई जातिले जन्म संस्कार गर्दा संस्कारगत आवश्यकीय सामाग्रीहरु र भोजका लागि गरिने खर्च विवरण के-कतिसम्म गर्ने गरेको छ ? भनि सोधिएको थियो । यस विषयमा घर परिवारको मुख्यगरि आर्थिक स्थितिका आधारमा रु. ५०० देखि रु. ५,००० सम्म  खर्च गर्दै आएको पाइयो । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १४ : खर्च विवरण तालिका

| क्र.स. | खर्च समूह | खाना | कपडा | नछुङ | पुरेत |
|---|---|---|---|---|---|
| १ | ०-५०० | १ | ४० | ५० | १ |
| २ | ५०१-१००० | ३ | ६ | | |
| ३ | १००१-१५०० | ११ | २ | | |
| ४ | १५०१-२००० | २५ | २ | | |
| ५ | २००१-२५०० | ९ | | | |
| ६ | २५०१-३००० | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ३००१-३५०० | | | | |
| ८ | ३५०१-४००० | | | | |
| ९ | ४००१-४५०० | | | | |
| १० | ४५०१-५००० | १ | | | |
| | जम्मा | ५० | ५० | ५० | १ |

स्रोतः स्थलगत अध्ययन, २०७०

प्रस्तुत तालिका हेर्दा राई जातिको जन्म संस्कारमा क्रमशः खाना, कपडा, नछुङ, पुरेतका लागि खर्च आवश्यक पर्ने देखिन्छ । साथै यो तालिका हेर्दा यस अध्ययन क्षेत्रमा निम्न र उच्च आर्थिक स्थिति रहेको कम तर मध्यम आर्थिक स्थिति रहेको घरधुरी बढी रहेको देखिन्छ ।

सामान्यतया राई जातिमा जन्म संस्कार गर्दा बढीमा ५,००० सम्म खर्च हुने जानकारी पाइयो । भने क्षत्री समुदायमा जन्म संस्कार गर्दा सामान्यतया ५,००० देखि १०,००० सम्म खर्च हुने रहेको पाइयो ।

## ५.१० धनी र गरीब बीच जन्म संस्कारमा भिन्नता (Differences in Birth Ritual between Rich and Poor People)

सामान्यतया कुनै पनि संस्कार सँस्कृति एउटा इतिहास र परम्पराले निर्माण गर्ने भएकाले गर्दा धनी र गरीबबीच त्यति धेरै संस्कारगत भिन्नता नरहेको भए तापनि केही भिन्नताहरु रहेको पाइयो । जसमा धनी गरीबबीच अन्य सम्पूर्ण सामाग्री तथा विधिहरु एउटै रहेको पाइयो । तर यी संस्कारमा गरिने खर्च विवरणमा फरक पाइयो । यो कुरा तालिका नं. १४ मा प्रस्तुत गरिएको जन्म संस्कारको खचै विवरणबाट पनि हामी प्रष्ट हुन सक्छौं । जहाँ खर्च विवरणमा ५०० देखि ५००० सम्म उल्लेख गरेको पाइयो । यो सँस्कार गरीब परिवारहरुमा प्रायः गरेर सामान्य रुपमा आवश्यकीय विधि अनुसारका सामाग्रीहरु मात्र तयार गरिने तर धनी परिवारमा आवश्यकीय विधिका सामाग्रीहरु साथै अन्य अतिरिक्त

प्रयोजनका लागि बढी खर्च गर्ने गरेको पाइयो । यसले गर्दा एउटै संस्कार भए पनि धनी परिवार र गरीब परिवारमा गर्दा फरक देखियो । गरिब परिवारमा गर्दा समाजमा खासै प्रभाव नपर्ने तर धनी परिवारको गर्दा समाजका आफन्तहरु बढी आमन्त्रण गर्ने गरेकाले सामाजिक सहभागिता र एकताको प्रभाव बढी देखिने गरेको पाइयो । भने नकरात्मक पक्षमा राई जातिमा यस्तो संस्कार गर्दा विशेष गरि जाँड रक्सी प्रयोग गरिने हुँदा सामाजिक अनुकूलतामा नकरात्मक प्रभाव पर्न गई सामाजिक वातावरण प्रतिकूल बनाउने गरेको पनि पाइयो ।

## **५.११ शिक्षित र अशिक्षितमा संस्कारगत भिन्नता** (Differences In Ritual between Educated and Uneducated)

शिक्षाले जहिल्यै पनि सकरात्मक, सरल, सुलभ र सजिलो निकासको खोजीका लागि हाम्रो समाजमा सहयोग गरिरहेको हुन्छ । जसले गर्दा यस डाँडागाउँको राई जातिको जन्म संस्कारमा पनि शिक्षित र अशिक्षितमा केहि समानताका साथसाथै केहि भिन्नताहरु पनि रहेको पाइयो । जसमा शिक्षित परिवारहरुमा जन्म संस्कार गर्दा कुनै पनि संस्कारगत समस्या उत्पन्न भएमा केही बौद्धिक परामर्श हुने र जसको निष्कर्षमा हामीले हाम्रो संस्कारगत परम्परालाई आत्मसात गर्दै त्यस परम्परागत संस्कारमा आधुनिकीकरण र वैज्ञानिकीकरण गर्दै सरल तरिकाले आफ्नो इतिहास र परम्परालाई निरन्तरता दिदैं गरेको पाइयो । यसले गर्दा मौलिक ऐतिहासिक परम्परागत संस्कारमा केही परिवर्तन भएको र हुन सक्ने सम्भावना देखिन्छ । भने अशिक्षितहरुमा आफ्नो परम्परागत संस्कारलाई निरन्तरता दिनु पर्दछ । जुन हाम्रो संस्कारगत मूल्य मान्यता हो । जसलाई हामीले परिवर्तन गर्नु हुँदैन, भन्ने मान्यताले गर्दा यस्ता अशिक्षित परिवारहरुमा शिक्षित परिवारहरुमा भन्दा मौलिक संस्कार रहेको पाइयो । तर यस अशिक्षित समुदायमा संस्कारगत परम्परालाई निरन्तरता दिन अप्ठ्यारो परिरहेको देखियो ।

## **५.१२, परम्परागत जन्म संस्कारमा परिवर्तन** (Change in the Traditional Birth Ritual)

दुर्छिम गाउँको राई जातिको परम्परागत जन्म संस्कारमा र अहिले गरिने जन्म संस्कारमा के परिवर्तन भएको छ ? के-के परिवर्तन आयो ? कस्तो परिवर्तन भयो ? त्यस्ता परिवर्तनका कारक तत्वहरु के-के हुन् ? भनि समुहगतरुपमा ४, ६ र ७ जनाको समूह बनाई ३ समूहमा छलफल गरिएको थियो । उक्त छलफलमा परम्परागत मूल्य माल्यता अनुसार संस्कार गर्दै आउने, केहि परिवर्तन भएको र धेरै परिवर्तन भएको बताउने व्यक्तिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १५ : संस्कारमा आएको परिवर्तन सम्बन्धि तालिका

| क.सं. | विवरण | उत्तरदाताको संख्या |
|---|---|---|
| १. | परिवर्तन भएको छैन | १ |
| २. | आंशिक  परिवर्तन भएको छ | १२ |
| ३. | धेरै परिवर्तन भएको छ | ४ |
| | जम्मा | १७ |

स्रोत: स्थलगत अध्ययन, २०७०

प्रस्तुत अध्ययनको लागि तीन समूहमा केन्द्रीकृत गरि १७ जना विविध उमेर समूहका व्यक्तिहरु सहभागी गराई अध्ययन गरिएको थियो । जसमा परिवर्तन भएको छैन । भन्ने १ जना, आंशिक परिवर्तन भएको छ । भन्ने १२ जना र धेरै परिवर्तन भएको छ । भनी जवाफ दिने ४ जना पाइयो । यस अध्ययनमा विशेष गरि वृद्ध वृद्धाहरुले पूर्णरुपमा परम्परागत मूल्य मान्यता अनुसार संस्कार गर्नु पर्छ भन्ने मान्यता राखेका थिए । भने राजनिति कर्मी, शिक्षक र वुद्धिजिवी वर्गहरु परम्परागत मूल्य मान्यतालाई निरन्तरता दिदैं आधुनिकीकरण प्रवृत्तिलाई आत्मसात गर्दै छिटो छरितो र सरल विधिबाट गर्नुपर्छ वा आंशिक परिवर्तन

भएको छ भन्ने मान्यता राखेका थिए । भने केहि व्यक्तिहरु परम्परागत मूल्य माल्यतालाई भन्दा पनि हाल आएको आधुनिकीकरण र प्रविधिका कुराहरुलाई अवलम्बन गर्नु पर्छ त्यसैले परम्परागत जन्म संस्कारमा धैरै परिवर्तन आएको छ भन्ने मत राखेका थिए ।

## ५.१३ परिवर्तनका कारक तत्वहरु (Factors of Change)

यस अध्ययन क्षेत्रका राई जातिहरुको जन्म संस्कारमा परिवर्तन आउनका कारणहरु निम्नानुसार रहेको पाइयो ।

### ५.१३.१ सामाजिक तथा साँस्कृतिक पक्ष (Social and Cultural Aspect)

यस अध्ययन क्षेत्रको राई जातिको परम्परागत जन्म संस्कारमा परिवर्तन हुनको मुख्य कारण सामाजिक तथा साँस्कृतिक पक्ष हो, भन्ने कुरा पाइयो । समाजको पुरानो संरचनामा भएको फेरबदल र समिश्रणका कारणले परिवर्तन आएको पाइयो । केही परिवारमा एक समाजको महिला वा पुरुष विवाह गरि अर्को समाजमा जाँदा परिवर्तन ल्याउने गरेको पाइयो । त्यस्तै अन्तरजातीय विवाहले त यसमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो । एक धर्म र अर्को धर्मका व्यक्तिहरु बीच वैवाहिक सम्बन्धमा बाँधिदा वा एक समाज र अर्को समाजमा आउने जाने क्रम रहँदा पनि परम्परागत जन्म संस्कारमा परिवर्तन आएको पाइयो ।

### ५.१३.२ आर्थिक पक्ष (Economical Aspect)

समाजको हरेक पक्षलाई प्रभाव पार्ने प्रमुख पक्षको रुपमा आर्थिक पक्ष रहेको हुन्छ । यस अध्ययन क्षेत्रका राई जातिका जन्म सँस्कारमा पनि आर्थिक पक्षले प्रभाव पारेको पाइयो । आर्थिक पक्षले व्यक्ति परिवार र समुदायमा सम्पन्न नभए मितव्ययी बन्न खर्च घटाउनका लागि पनि परम्परागत संस्कार, सँस्कृति, मूल्य मान्यतालाई अबलम्वन गर्न गाह्रो भएको पाइयो । जसले गर्दा पनि

संस्कारगत मान्यता वा प्रचलनमा परिवर्तन आएको पाइयो । त्यस्तै पहिलेको तुलनामा आर्थिक स्थिति सम्पन्न भएमा पनि परिवर्तन हुन्छ । जुन घरपरिवारमा आर्थिक स्थिति राम्रो छ, त्यस परिवारका सदस्यहरु शिक्षा लगायत अन्य सुविधाका क्षेत्रमा पहुँच बढाउन सक्षम हुन्छ । जसले गर्दा जुन परिवारका सदस्य बाहिरी क्षेत्र वा वस्तुसँग परिचित भएको छ त्यस्तो व्यक्तिको विचार र अभ्यास गराईमा पनि परिवर्तन भएको पाइयो । जसले गर्दा राई जातिको परम्परागत जन्म संस्कारमा परिवर्तन आएको पाइयो ।

### **५.१३.३ शैक्षिक पक्ष** (Educational Aspect)

नेपालमा २००७ सालको क्रान्तिपछि जब प्रजातन्त्रको स्थापना भयो त्यस समयसँगै सर्वसाधारणहरुले पनि स्वतन्त्र रुपमा लेख्न र पढ्न पउने व्यवस्थाको शुरुवात भयो । तर नेपाल एक केन्द्रीकृत राज्य प्रणाली भएका कारण र विकासको गतिले सबै स्थानमा समान पहुँच पुग्न नसकेकाले गर्दा सबै स्थानहरुमा शिक्षाको पहुँच पुग्न सकेन । यसो हुँदा हाम्रो समाज र समुदायमा जे परम्परा चलिआएको थियो, त्यही परम्परा संस्कार र सँस्कृतिलाई निरन्तरता दिदै आउने क्रम जारी भयो । हालसम्म आइपुग्दा यस अध्ययन क्षेत्रका राई जातिहरुले स्थानीय स्तरदेखि विविध देश विदेशसम्म पुगि विविध किसिमका शिक्षा लिने काम गरेको पाइयो । जसले गर्दा विकसित स्थानहरुमा भएको परम्परा र यस क्षेत्रमा भएको परम्परागत संस्कारहरुमा फरक देखे । जसले गर्दा ती विकशित स्थानहरुको अनुकरण गर्दै आफ्नो परम्परालाई त्याग्ने प्रवृत्ति देखा पर्दै गयो । त्यसैले शैक्षिक पक्षले यस क्षेत्रका राई जातिको परम्परागत जन्म संस्कारमा परिवर्तन ल्याउने एउटा कारक तत्वको रुपमा भूमिका रहेको पाइन्छ ।

### ५.१३.४ **बसाइँसराई** (Migration)

यस अध्ययन क्षेत्रका राई जातिको परम्परागत जन्म संस्कारमा बसाइँसराईले ठूलो परिवर्तन ल्याएको तथ्य पाइयो । किनकी यसैसन्दर्भमा यसै अध्ययन क्षेत्रका साम्पाङ, तिलुङ, बनेम जस्ता राईहरुको भाषिक र संस्कारगत रुपमा आएको परिवर्तन एक रहस्यत्मक छ । किनकी यस क्षेत्रमा बसोबास गर्ने राईहरु मध्ये चाम्लिङ् राईहरुको बाहुल्यता रहेको पाइयो । यहि प्रसङ्गमा एउटा मिथक जाडौं 'दश राई दश बोली एक भान्सा' यो मिथकले राईहरु विविध किसिमका हुन्छन र भाषा पनि आ-आफ्नै हुन्छन्, भन्ने कुरा प्रस्ट्याएको छ । तर यस अध्ययन क्षेत्रमा आज भन्दा पाँच पुस्ता अगाडि यसै जिल्लाको बाँसपानी गाउँ विकास समितिबाट बसाइँसरी आएका रहेछन् । जसले गर्दा उनीहरुलाई हाल आएर कुनै आफ्नो मौलिक भाषा संस्कार सँस्कृति कुनै पनि नआउने भएका कारण चाम्लिङ् राई भाषामा सम्पूर्ण संस्कारहरु गर्ने गरेको पाइयो । त्यस्तै बनेम र तिलुङ् राईहरुले पनि चाम्लिङ् राईहरुको भाषा संस्कार सँस्कृति अनुसार नै आफ्नो जन्म संस्कार देखि आफ्नो पित्र (आफ्नो पिता पूर्खालाई सम्झेर गरिने संस्कार) सम्म सम्पूर्ण संस्कार चाम्लिङ भाषाबाट नै गर्ने गरेको पाइयो । यसरी बसाइँसराईले कुनै समुदाय एक स्थानबाट अर्को स्थानमा जाँदा आफ्नो सँस्कृतिले अन्य समुदाय वा समाजको संस्कारमा परिवर्तन ल्याएको पाइन्छ । भने यहाँको राई जातिको जन्म संस्कारको सम्बन्धमा पनि बसाईसरी आएको साम्पाङ राईहरुमा परिवर्तन ल्याएको तथ्य पाइयो ।

### ५.१३.५ **आधुनिकीकरण र विश्वव्यापीकरण** (Modernization and Globlization)

परम्परागत संस्कार सँस्कृतिमा आधुनिकीकरण र विश्वव्यापीकरणले असर पारेको पाइयो । अर्धविकशित वा विकाशोन्मुख मुलुकहरुमा विशेष गरी आधुनिकीकरण र विश्वव्यापीकरणले छिटो प्रभाव पारेको पाइन्छ । त्यस्तै यस अध्ययन क्षेत्रमा पनि असर गरेको पाइयो । आधुनिकिकरण र पश्चिमिकरणले गर्दा

आफ्नो संस्कारलाई छाडी आधुनिकिरणतर्फ लम्किदै गएका तर पूर्णरुपमा आधुनिकिकरणमा पनि पुग्न नसकेका एकदमै तरल अवस्थामा यहाँको समुदाय पाइयो । यस्तो अवस्थामा परम्परागत जन्म संस्कारमा संकट परिरहेको पाइयो । आधुनिकिरण र विश्वव्यापिकरणका असरहरु विविध सञ्चारका साधनहरु जस्तो पत्रपत्रिका, रेडियो, टिभी, टेलिफोन, आमसञ्चारका साधनहरुको भूमिका मुख्य रहेको पाइयो । यी र यस्ता साधनहरुले विश्वमा घटेका र गरेका सम्पूर्ण सकारात्मक तथा नकारात्मक घटनाहरुको सम्प्रेषण गर्ने भएकाले डाँडागाउँका राई जातिको परम्परागत जन्म संस्कारमा परिवर्तन ल्याइरहेको पाइयो ।

# अध्याय-छ (CHAPTER-SIX)

## ६. साराशं र निष्कर्ष (Summary and Conclusion)

### ६.१ सारांश (Summary)

दुर्छिम गाउँ विकास समिति डाँडागाउँमा बसोबास गर्दै आएका राई जातिका परम्परागत जन्म संस्कार, प्रयोग गरिने सामाग्रीहरु र परम्परागत जन्म संस्कारमा आएका परिवर्तन सम्बन्धी जानकारी लिने उद्देश्य रहेको थियो । यस अध्ययन क्षेत्रमा गई अध्ययनको विविध विधिहरु अपनाई अध्ययन गरि तयार पारिएको शोधपत्रलाई यसरी सारांशमा उल्लेख गरिएको छ ।

यस शोध अध्ययन क्षेत्र पूवाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चल खोटाङ जिल्ला दुर्छिम गाउँ विकास समितिमा पर्दछ । यस गाउँ विकास समितिको सिमाना पूर्वमा महादेवस्थान र धितुङ, पश्चिममा च्यास्मिटार र बडहरे, उत्तरमा मङ्गलटार गाउँ विकास समिति र दक्षिणमा सुनकोशी नदी वा उदयपूर जिल्ला रहेको छ । यस डाँडागाउँमा राई साथै मगर, क्षेत्री, सार्की, कामी, दर्जी जाति बसोबास गर्दछ । डाँडागाउँमा बसोबास गर्ने घरधुरीमा जम्मा १३८ घरधुरी राई जातिहरु बसोबास गर्दै आएको पाइयो । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने राईहरु मध्ये मुख्य गरि चाम्लिङ, साम्पाङ, तिलुङ र बनेमको बसोबास रहेको छ । यहाँका सम्पूर्ण राईहरुले चाम्लिङ् भाषामा आफ्नो सम्पूर्ण संस्कार गर्ने गरेको गर्दछ । भने नेपाली भाषा बोल्नेको संख्याको बाहुल्यता रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा मुख्यगरि उत्पादन हुने अन्न बालीहरुमा मकै, कोदो, धान, गहुँ, आलु, मास, भटमास आदि रहेको छ । त्यस्तै नगदे बालीमा खार्सानी, बदाम, सुर्ती रहेको पाइयो । यस डाँडागाउँमा बनेम, साम्पाङ् र तिलुङ भाषा एकदमै लोप भएर गइरहेको छ । राई जातिले मुख्य चाँडपर्वमा साकेला मनाउने गरे पनि यसका साथै दशैं, तिहार, साउने सङ्क्रान्ति, मंसिर पूर्णिमा, माघे सङ्क्रान्ति, चैते दशैं,

बालाचतुर्दसी, रामनवमी, शिवरात्री जस्ता चाँडपर्वहरु मनाउने गरेको र यस्तो चाडपर्वमा माछा मासुका साथै जाँड रक्सीको प्रयोग धेरै गरेको पाइयो ।

यहाँका मानिसहरुको प्रमुख पेशाको रुपमा कृषि रहेको र अन्यमा वर्तमान समयमा आएर वैदेशीक रोजगार, ठेकेदार, ड्राईभिङ, व्यापार, शिक्षण, नोकरी जस्ता पेशामा लागेका तर स्वास्थ्य क्षेत्रमा यहाँका मानिसहरु कम सहभागी भएको देखियो । यस अध्ययन क्षेत्रको उत्तरदाताहरुको व्यक्तिगत र पारिवारिक विवरण हेर्दा यहाँका राईजातिको शैक्षिक स्थिति मध्यम किसिमको रहेको पाइयो । भने परिवारिक अचल स्रोतहरुमा क्रमशः बारी, खेत, पाखो र जंगल रहेको पाइयो । यस क्षेत्रका राई जातिले मासु, काम, मल, दुध आदिका लागि गाई, गोरु, कुखुरा, सुंगुर, बाखो, भैसी जस्ता पशुपंक्षीहरु पाल्ने गरेको पाइयो । यहाँका राईजातिले बच्चा जन्मेपछि सर्वप्रथम गर्ने संस्कारको रुपमा जन्म संस्कार रहेको पाइयो । यो संस्कार जच्चा जन्मेदेखि छोरा भए ६ दिनमा र छोरी भए ५ दिनमा पूरा गर्ने गरेको पाइयो । यसको अन्तिम दिनलाई न्वाँरानको दिन भन्ने गरेको पाइयो । बच्चाको नाम छनौट गर्ने काम बच्चाको बाबुले गर्ने र नामाकरण पनि बाबुले नै गर्ने गरेको पाइयो । बच्चाको नामाकरण गर्दा आवश्यकीय विविध सामाग्रीहरु मध्ये कुनै घर, जंगल र हाट बजारबाट उपलब्ध गराई जन्म संस्कार गर्ने गरेको पाइयो । बच्चाको जन्म संस्कार नामाकरणसँगै बच्चाको आमाको शिर उभ्याउनका लागि गरिने कुरा बताएको थियो । जन्म संस्कार गर्दा बच्चा छोरा या छोरी के छ ? त्यसको आधारमा आवश्यकीय साधनहरु तयार गर्ने गरेको पाइयो । बच्चाको जन्म संस्कार बिहानीको समयमा गर्ने गरेको पाइयो । यस क्षेत्रका राई जातिको परम्परागत जन्म संस्कारमा केही परिवर्तन आएको पाइयो । भने परिवर्तनका कारक तत्वहरुमा सामाजिक तथा साँस्कृतिक पक्ष, आर्थिक पक्ष, शैक्षिक पक्ष, बसाइँसराई र आधुनिकिकरण तथा विश्वव्यापीकरण रहेको पाइयो ।

## ६.२ निष्कर्ष (Conclusion)

दुर्छिम गाउँ विकास समिति डाँडागाउँका राई जातिको जन्म संस्कारको बारेमा अध्ययन, अनुसन्धान र विश्लेषणपछि यस्तो निष्कर्ष निकालिएको छ ।

यस राई जातिको बच्चा जन्मिसकेपछि सबैभन्दा पहिले गर्ने संस्कारका रुपमा जन्म संस्कार रहेको छ । जन्म संस्कार छोराको ६ र छोरीको ५ दिनमा गर्ने गर्दछ । जन्म संस्कार गर्दा छोरा र छोरीमा आवश्यकीय सामाग्रीहरु सामान्यतया एकै किसिमको प्रयोग गरिने, तर केही सामाग्रीहरु भने फरक रुपको प्रयोग गर्ने गर्दछ । समग्रमा जन्म संस्कारलाई यहाँको राई जातिले बच्चा जन्मेको दिनदेखि न्वाँरानको दिनसम्ममा गरिने सम्पूर्ण संस्कारलाई लिने गर्दछ ।

जन्म संस्कार यस गाउँको राई जातिको मानवीय जीवन प्रक्रियामा महत्वपूर्ण संस्कारका रुपमा रहेको छ । विभिन्न जातजातिले जन्मदेखि मृत्युपर्यान्तसम्म गर्ने संस्कारहरु आ-आफ्नै इतिहास र परम्परा अनुसार गरिने भएकाले राई जातिको जन्म संस्कार पनि अन्य जातिहरुको भन्दा पृथक रहेको छ । यस क्षेत्रको परम्परागत जन्म संस्कारमा र वर्तमान समयमा गरिने जन्म संस्कारमा तुलनात्मक रुपमा सामान्यतया फरक आएको छ । यसमा वृद्ध-वृद्धाहरुको प्रभाव बढी भएको वा पुरानो मान्यतालाई आत्मसात गर्नुपर्छ । भन्ने मान्यता बोकेका परिवारमा खासै परिवर्तन नभएको, तर हाल आएर यस्तो परिवार एकदमै न्युन रहेको छ । बढी भन्दा बढी घर परिवारमा जन्म संस्कारमा परिवर्तन आएको छ । जन्म संस्कारमा परिवर्तन हुनमा कारक तत्वहरुमा सामाजिक तथा साँस्कृतिक पक्ष, भौगोलिक पक्ष, बसाइँसराई, आधुनिकिकरण र विश्वव्यापिकरण जस्ता कारक तत्वहरुले मुख्य गरी परम्परागत जन्म संस्कारमा परिवर्तन ल्याउनमा भूमिका खेलिरहेको छ । अन्ततः पहिलेको जन्म संस्कारलाई आधार मान्दै हाल आएको आधुनिकीरण र विश्वव्यापिकरणलाई अबलम्वन गर्दै जाने क्रममा बढी रहेको छ

# सन्दर्भग्रन्थसूची (References)

## नेपाली


अर्याल, कृष्णराज (२०६७): **नेपाली सँस्कृति सङ्क्षिप्त झलक**, विजय अफसेट प्रेस, काठमाडौं ।

किरात कोयी ⁄कोयू राई समाज (सन् २०११): **कोयी रिदुम-हदुम**, महालक्ष्मी अफसेट प्रेस, काठमाडौं ।

किरात साम्पाङ राई जुम्लेखाः **किरात साम्पाङ राई मूद्दूम**, महालक्ष्मी अफ सेट प्रेस, काठमाडौँ ।

चापागाई , निनु (२०६४): **समाज र सँस्कृति**, विबेक सिर्जनशील प्रकाशन, काठमाडौँ ।

चेम्जोङ, इमानसिंह (२०५१): **किरात इतिहास र सँस्कृति**, बुद्ध प्रिन्टिङ प्रस, झापा ।

दाहाल, पेशल (२०६५): **नेपालको इतिहास र सँस्कृति**, राज अफसेट प्रेप, काठमाडौं ।

दुर्छिम गाउँ विकास समिति (२०५८): **दुर्छिम गाउँ विकास समिति पार्श्वचित्र**, महालक्ष्मी अफसेट प्रेस, काठमाडौँ ।

प्रपन्नचार्य, स्वामी (२०६७): **वेदमा के छ ?**, साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर ।

बिष्ट, डोरबहादुर (सन् २०१०): **सबै जातको फूलबारी**, हिमाल वितरण प्रा. लि. काठमाडौं ।

मुकारुङ, राजन (२०६१): **किरात संस्कार**, साथी प्रकाशन बागबजार, काठमाडौँ ।

श्रेष्ठ, हरिप्रसाद (२०५६): **नेपालको इतिहास र सँस्कृति एक झलक**, श्रृङ्खला अफसेट प्रेस, काठमाडौं ।

राई, अर्जन जम्नेली (२०६५): "नेपालको सन्दर्भमा भाषिक, धार्मिक र साँस्कृतिक चिन्तन" **नुलाम** , महालक्ष्मी अफसेट प्रस, काठमाडौँ ।

राई, खगेन्द्र बहादुर (२०६२): **किरात खुम्बु साम्पाङ राई संक्षिप्त परिचय**, किरात साम्पाङ राई उत्थान समाज केन्द्रीय समिति, ललितपुर ।

राई, गणेश (२०६४): **बाम्वुले राई जाति**, बाम्वुले राई साहित्य प्रकाशन, काठमाडौँ ।

राई, गणेश (२०६९): "राष्ट्रिय जनगणना र किरात जाति" **लिब्जु-भुम्जु** , प्रतिबद्ध छापाखाना, काठमाडौँ ।

राई, टंकबहादुर (२०६०): **किरात इतिहासको रुपरेखा**, उत्तमकुमार चाम्लिङ राई, काठमाडौँ ।

राई, बालकृष्ण मुकारुङ (२०६७): **किरात राई जातिको रीतिरितिवाज**, शुभदृष्टि छापाखाना प्रा.लि., काठमाडौं ।

राई, रामचन्द्र (२०६६): **प्राचिन किरातहरुले छाडेका सम्पदाहरु**, दिदी बहिनी अफ सेटप्रेस, अनामनगर काठमाडौँ ।

राई, रेखा (२०६६): **काठमाडौँ उपत्यकाका किरात कोयी र कोयू राई जातिको विवाहसंस्कार : एक अध्ययन** ।

## English

Central Bureau of Statistics, **National Population and Housing Census 2011**, (2012): Central Bureau of Statistics, Kathmaandu.

परिशिष्ट-१(Appendix-One)

# राई जातिमा जन्म संस्कार

## (खोटाङ जिल्ला दुर्छिम गाउँको समाजशास्त्रीय अध्ययनका लागि)

## घरधुरी प्रश्नावली

**(क) उत्तरदाताको पृष्ठभूमि**

१, उत्तरदाताको नाम :...................................................................

२, उमेरः .............३, शिक्षाः ................................

४, लिङ्गः ............................५, पेशाः ..................६, वैवाहिक स्थितिः .................

ठेगानाः ७, जिल्लाः...........................८, गा.वि.सः ...............९,वडा नः .........

१०,

| क.सं. | नाम | लिङ्ग | उमेर | शिक्षा | पेसा | नाता |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| ८. | | | | | | |
| ९. | | | | | | |
| १०. | | | | | | |

११, पारिवारिक स्रोत सम्बन्धी विवरण

| सि.न. | जग्गा जमिनको विवरण (रोपनीमा) | | | |
|---|---|---|---|---|
| १, | बारी | खेत | पाखो | जंगल |
| २, | | | | |

| सि.न. | वस्तुभाउको विवरण (संख्या) | | | | |
|---|---|---|---|---|---|
| १, | गाई/गोरु | भैसी | बाखा | सुँगुर | कुखुरा |
| २, | | | | | |

**(ख) जन्म संस्कार सम्बन्धी प्रश्नहरु**

(१) जन्म संस्कारलाई कसरी बुझ्नु हुन्छ ?

- बच्चा जन्मेदेखि न्वारानका दिन सम्ममा गरिने सम्पूर्ण संस्कार ।
- बच्चा जन्मेदेखि पास्नीका दिन सम्ममा गरिने सम्पूर्ण संस्कार ।
- बच्चा जन्मेदेखि छेवरका दिन सम्ममा गरिने सम्पूर्ण संस्कार ।
- अन्य..........................................................................।

(२) बच्चा जन्मिसकेपछि सर्बप्रथम के गरिन्छ ?

- न्वारान ।
- नाल काट्ने काम ।
- पास्नी ।
- अन्य..........................................................................।

(३) बच्चा गर्भावस्थामा रहदाँ कुनै संस्कार गरिन्छ ?

- गरिन्छ ।
- गरिदैन ।

(४) छोरा र छोरीको जन्म संस्कार कति-कति दिनमा पूरा हुन्छ ?

छोरा ☐

छोरी ☐

(५) जन्म संस्कार किन गरिन्छ ?

- आमाको शिर उभ्याउन ।
- बच्चाको नामाकरण गर्न ।

- बच्चालाई अन्न खुवाउन ।
- अन्य.................................................................................।

(६) बच्चाको नाम छनौट कसले गर्दछ ?

| | | | | | |
|---|---|---|---|---|---|
| बुवा | ☐ | बजै | ☐ | नछुङ | ☐ |
| आमा | ☐ | बाजे | ☐ | पुरोहित | ☐ |
| अन्य | ☐ | | | | |

(७) बच्चाको न्वारान कसले गर्दछ ?

| | | | | | |
|---|---|---|---|---|---|
| बुवा | ☐ | पुरोहित | ☐ | अन्य | ☐ |
| आमा | ☐ | बाजे | ☐ | | |

(८) बच्चाबो नाम के को आधारमा राखिन्छ ?

- तिथि/मिति
- समय
- अन्य.................................

## (ग) जन्म संस्कारमा आवश्यक सामग्री सम्बन्धी प्रश्नहरु

(१) जन्म संस्कारमा खाद्य पदार्थ के-के आवश्यक पर्दछ ?

- जाँड
- रक्सी
- चामल
- अदुवा
- मासु
- तेल
- घ्यु

(२) जन्म संस्कारमा के कस्ता लत्ता कपडाहरु आवश्यक पर्दछ ?

- ...........................................
- ...........................................
- ...........................................
- ............................................
- ............................................

(३) जन्म संस्कारमा अन्य सामाग्रीहरु के-के प्रयोग गरिन्छ ?

- .......................................
- ........................................
- ..........................................
- ........................................

(४) जन्म संस्कारमा आवश्यक सामानहरु कहाँ कहाँबाट उपलब्ध गराईन्छ ?

- घर
- जंगल
- अन्य.............................

(६) जन्म संस्कारमा गरिने खर्चको विवरण

| सि.न. | विवरण | रुपैयाँ |
|---|---|---|
| १, | खाना | |
| २, | लुगा/कपडा | |
| ३, | नछुङ | |
| ४, | पुरेत | |

**(घं) जन्म संस्कारमा आएको परिवर्तन सम्बन्धी प्रश्नहरु**

(१) पहिले बच्चाको नाम के को आधारमा राखिन्थ्यो ?

- तिथि/मिति

- समय
- अन्य...................................

(२) पहिले कस्तो किसिमको नाम राखिन्थ्यो ?

छोटो ☐

लामो ☐

(३) पहिले बच्चा कहाँ जन्माइन्थ्यो ?

घर ☐
अस्पताल ☐

(४) पहिले बच्चा गर्भावस्थामा रहँदा कुनै पुजाआजा गरिन्थ्यो ?

गरिन्थ्यो ☐

गरिदैनथ्यो ☐

(५) अहिले बच्चाको नाम के को आधारमा राखिन्छ ?

तिथि/मिति ☐
समय ☐

(६) अहिले कस्तो किसिमको नाम राखिन्छ ?

लामो ☐
छोटो ☐

(७) अहिले बच्चा कहाँ जन्माइन्छ ?

घर ☐
अस्पताल ☐

(८) अहिले बच्चा गर्भावस्थामा रहँदा कुनै पुजाआजा गरिन्छ ?

गरिन्छ ☐

गरिदैन ☐

(९) जन्म संस्कारमा प्रयोग गरिने खाद्यपदार्थमा परिवर्तन आएको छ ?

छ ☐

छैन ☐

(१०) जन्म संस्कारमा प्रयोग गरिने सामग्रीहरुमा परिवर्तन आएको छ ?

छ ☐

छैन ☐